# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६२ | काठमाडौं | बुधबार, २२ असोज २०८२ | Prabhab National Daily | Wednesday, 08 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## 'घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने कार्य सरकारको प्राथमिकतामा'

- निर्वाचनबारे दलहरूसँग तिहार अघि नै छलफल आयोजना गरिने
- निर्वाचन कार्यतालिका अनुसार काम गर्न आयोगका पदाधिकारीलाई प्रधानमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले घोषित मितिमै प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउन सरकार प्रतिबद्ध रहेको बताएकी छन् । आसन्न निर्वाचनको तयारीबारे मंगलबार निर्वाचन आयोगका पदाधिकारीसँगको छलफलमा उनले समयमै निर्वाचन सम्पन्न गर्ने कार्य सरकारको उच्च प्राथमिकतामा रहेको बताइन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री कार्कीले निर्वाचन कार्यतालिकाअनुसार काम गर्न आयोगका पदाधिकारीलाई निर्देशन दिइन् । उनले निर्वाचनका सम्बन्धमा राजनीतिक दल तथा सरोकारवालाहरूसँग छलफल गर्नसमेत आग्रह गरेकी छन् ।

आयोगका प्रवक्ता नारायणप्रयासद भट्टराईले आगामी फागुन २१ गतेको निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको अवस्थामा त्यसको कार्यान्वयनमा सरकार र राजनीतिक दलको सहयोगका विषयमा छलफल भएको जानकारी दिए । आयोगले सोमबार निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

छलफलमा अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा र आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरू सहभागी थिए ।

यसअघि यही असोज ७ गते पनि प्रधानमन्त्री कार्कीसँग निर्वाचनका विषयमा आयोगका पदाधिकारीले छलफल गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

# उजुरी 'जुहारी'ले अप्ठेरोमा सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी प्रदर्शनको घटनालाई लिएर प्रहरीमा दोहोरो उजुरी परेको छ । एकातिर जेन-जी आन्दोलनका क्रममा मृतकका परिवारले निवर्तमान सरकार प्रमुखहरूविरुद्ध किटानी जाहेरी दिएका छन् भने अर्कोतिर आन्दोनलकै अगुवा मानिएको सुधन गुरुङ र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहविरुद्ध ।

भदौ २३ गते काठमाडौंको नयाँ बानेश्वरस्थित संसद् भवनमा प्रदर्शनका क्रममा आन्दोलनकारीमाथि गोली चलाउन आदेश दिएर आन्दोलनकारीको हत्यामा नेतृत्वदायी भूमिका खेलेको आरोपसहित निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउको मागसहित जाहेरी परेको छ । मंगलबार दिउँसो जिल्ला प्रहरी परिसर काठमाडौंमा 'जेन-जी' आन्दोलनका मृतकका परिवारको किटानी जाहेरी पेस भएको हो ।

काठमाडौं प्रहरीले उक्त जाहेरी आफ्नो कार्यादेशभित्र नपर्ने भन्दै 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२' लाई बुझाएको छ । मृतकका परिवारसहित जेन-जी अभियन्ताले घटनाका दोषीलाई कारबाही गर्न माग गर्दै पेस गरेका जाहेरी आयोगसमक्ष पठाएको परिसरका प्रहरी उपरीक्षक पवन भट्टराईले जानकारी दिए । 'चार जनाको तर्फबाट जाहेरी आएको थियो त्यसलाई हामीले जाँचबुझ आयोगको कार्यक्षेत्रभित्र पर्ने भएकाले त्यहाँ पठायौं,' उनले भने ।

उक्त उजुरी आयोगसमक्ष आइपुगेको र अध्ययन गरेर थप पक्रिया अघि बढाउने अध्यक्ष गौरीबहादुर कार्कीले बताए । यसअघि आयोगले विज्ञप्ति जारी गर्दै फौजदारी कसूरमा जोकोहीलाई कारबाही गर्न प्रतिवेदन कुर्न नपर्ने




- सोमबार 'एरेस्ट केपी शर्मा ओली', 'एरेस्ट रमेश लेखक' अभियान चलाएका जेन-जी अभियन्ता मंगलबार प्रहरी परिसर काठमाडौं पुगेर जाहेरी दिए
- मंगलबार नै काठमाडौं महानगरका मेयर बालेन्द्र साह र हामी नेपालका संस्थापकसमेत रहेका सुदन गुरूङविरूद्ध एमाले भ्रातृ संगठन अखिलको जाहेरी
- जेन-जीको जाहेरी 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग' मा पठाइयो, अखिलको जाहेरीमा २४ घण्टाभित्र जवाफ दिइने
- उजुरी जुहारीले मुलुकको राजनीति थप अन्योलतर्फ धकेलिने संकेत

जनाएको थियो । 'फौजदारी कसूरमा संलग्न जोकोहीलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने व्यहोरा सूचित गरिएको छ,' आयोगका सदस्य विज्ञानराज शर्माले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

गृह मन्त्रालयले घटनामा संलग्नमाथि आयोगको प्रतिवेदन प्राप्त भएपछिमात्र छानबिन प्रक्रिया अघि बढाउने उल्लेख गरेको थियो । गृह मन्त्रालयले यही असोज ९ गते विज्ञप्ति जारी गरी आन्दोलनको अवधिमा भएका घटनाका सम्बन्धमा आयोगले छानबिन गर्ने जनाएको थियो । गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा भएका भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न उक्त आयोग गठन भएको थियो । आयोगले यही असोज ९ गतेदेखि कार्य प्रारम्भ गरेको छ । कार्की नेतृत्वको आयोगले तीन महिनाको समय पाएको छ ।

सोमबार जेन-जी अगुवाहरूले भदौ २३ गते प्रदर्शनका क्रममा १९ जनाको हत्या अभियोगमा पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गर्न अभियान नै सुरु गरेपछि सरकारलाई जाहेरी लिन दबाब परेको हो । प्रहरी भने आयोगबाटै अनुसन्धान अघि बढ्ने भन्दै पन्छिएपछि प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबार राति प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङसँग छलफल गरेका थिए । जेन-जी आन्दोलनकै बलमा सत्तारोहण गरेकी प्रधानमन्त्री कार्कीलाई जेन-जीको माग पूरा गराउनैपर्ने बाध्यता छ । तर प्रहरीले भने चुनाव घोषणा गरिसकेको अहिलेको अवस्थामा दलहरूलाई विश्वासमा लिएर थप संकट आउन नदिन सरकार सचेत हुनुपर्ने सुझाव दिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### मलेसियाको पुँजी र सीपको सदुपयोग

## कृषि फार्मबाट आम्दानीसँगै रोजगारी दिंदै देउकुमार




तस्बिरः रासस

**भद्रपुर (झापा)–** 'देशमै केही गर्न सकिन्छ भन्ने विश्वास लिएर फर्किएको थिएँ,' देउकुमार लिम्बूले विगत सम्झिँदै भने, 'अहिले त्यो निर्णय मेरो जीवनको सही निर्णय सावित भएको छ ।'

लिम्बूको कथा सुन्दा लाग्छ, इच्छाशक्ति, परिश्रम र देशप्रतिको माया भएमा विदेसिनै पर्छ भन्ने जरुरी छैन । यहाँको भद्रपुर नगरपालिका-१ का उनी हाल 'लिङ्देन कृषि फार्म' सञ्चालन गरिरहेका छन् । तर यहाँसम्म आइपुग्न उनले गरेको संघर्षको फेहरिस्त निकै लामो छ । २४ वर्षअघि राम्रो कमाइको आशामा मलेसिया गएका उनले त्यहाँ १३ वर्ष बिताए ।

विगत सम्झना गर्दै उनी भन्छन्, 'मलेसिया जाँदा सपना थियो, धेरै पैसा कमाउने, परिवारलाई सुख दिने । काम पनि राम्रै पाइयो, तलब बढ्दै गयो । मासिक एक लाख २५ हजार रूपैयाँसम्म कमाउँथे, साहुले ११ महिनासम्म पनि बिदा दिएर काममा बोलाएका थिए । तर मलाई लाग्यो, त्यही मिहेनत आफ्नै देशमा गरे उस्तै आम्दानी गर्न सकिन्छ ।'

मलेसियाबाट फर्किएपछि देउकुमार तत्कालै खेतीमा लागेनन् । सुरुआती दुई वर्ष देशमै के गर्न सम्भव होला ? सफल भइएन भने पुनः विदेश जानुपर्ने अवस्था आउला कि नआउला ? भन्ने दोधारमै बित्यो । अन्ततः उनलाई लाग्यो विदेशमा अरुको खेतबारीमा काम गर्दा कमाइ भए पनि मनमा सन्तुष्टि हुँदैन । आफ्नै माटोमा पसिना बगाएर भविष्य बनाउन सकिन्छ भने किन सुरुआत नगर्ने, यही सोचबाट उनले कृषि फार्म सुरु गर्ने अठोट लिए । 'म मलेसियामा पनि कृषि फार्ममै काम गर्थें,' उनले भने, 'त्यही सीप र अनुभवले गर्दा यहाँ फार्म खोल्न सजिलो भयो ।'

> मलेसिया जाँदा सपना थियो, धेरै पैसा कमाउने, परिवारलाई सुख दिने । काम पनि राम्रै पाइयो, तलब बढ्दै गयो । मासिक एक लाख २५ हजार रूपैयाँसम्म कमाउँथे, साहुले ११ महिनासम्म पनि बिदा दिएर काममा बोलाएका थिए । तर मलाई लाग्यो, त्यही मिहेनत आफ्नै देशमा गरे उस्तै आम्दानी गर्न सकिन्छ ।

मलेसियाबाट ल्याएको थोरै पुँजीबाट देउकुमारले 'लिङ्देन कृषि फार्म' स्थापना गरे ।

क्रमशः पृष्ठ २ मा

# एक वर्षमै थिलथिलियो बिपी राजमार्ग

■ राजकुमार पराजुली



तस्बिरः रासस

**काभ्रेपलाञ्चोक–** संघीय राजधानी काठमाडौंलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एकमात्र वैकल्पिक र अत्यन्त महत्त्वपूर्ण सडक मार्ग हो बिपी राजमार्ग । गत वर्षको बाढीपहिरोबाट क्षत्विक्षत बनेको राजमार्ग अस्थायी ढंगबाट निर्माण गरी यातायात सञ्चालन हुँदै आएकामा यही असोज १८ र १९ गतेको बाढीपहिरोले पुनः थिलथिलो बनेको छ । राजमार्गको मध्यक्षेत्र अर्थात् काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्विक्षत भएपछि हाल यस राजमार्गको सडक सम्पर्कविच्छेद भएको छ ।

वर्षायाममा केही भागमा क्षति पुऱ्याए पनि अघिल्लो साताको अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाएको हो । यस वर्ष पनि असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसानै मेटिनेगरी, पैदलसमेत हिँड्न नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदियो ।

गत साल असोजमा क्षत्विक्षत राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिए पनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बनेको छ । डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार बाढीले करिब चार किलोमिटर सडक बगाएको छ ।

पुनःअस्थायी डाइभर्सन बनाउन काम थालिएको कार्यालयकी इञ्जिनियर विन्दु अधिकारीले जानकारी दिइन् । उनका अनुसार अहिलेको बाढीले गत सालको बाढीपहिरोपछि बनाइएको डाइभर्सन पूर्णरूपमा कटान गरेको छ । वि.सं. २०७२ को विनाशकारी भूकम्पले केही सडकखण्ड क्षतिग्रस्त बनाएको थियो भने केही सडकखण्ड जोखिमकै अवस्थामा रहेका थिए । राजमार्ग जापान सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर लामो राजमार्ग बनेको हो ।

२०७२ असार १८ गते औपचारिकरूपमा यो राजमार्ग जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सीधा जोडेको छ । यस राजमार्गको निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौं घुम्नुपर्ने झण्झट अन्त्य भएको थियो । गत वर्षको असोज १०, ११ र १२ गते परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो । त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिन नपुग्दै यही असोज १७ र १८ मा वर्षाले पुनः क्षति गराएको हो ।

संघीय राजधानी काठमाडौंबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँगसमेत जोडिएको छ ।

> गत साल असोजमा क्षत्विक्षत राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिए पनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बनेको छ । प्रारम्भिक अनुगमन निरीक्षणअनुसार बाढीले करिब चार किलोमिटर सडक बगाएको छ ।

क्रमशः पृष्ठ २ मा




# निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति बारको भर्त्सना

**काठमाडौं (प्रस)–** नेपाल बार एसोसिएसनले बारले स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखी निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति भर्त्सना गरेको छ। एसोसिएसनले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै न्यायपालिकामाथि भइरहेको हमला एवं अवैधानिक गतिविधिको विरोध जनाएको हो।




बारका महासचिव केदारप्रसाद कोइरालाद्वारा जारी विज्ञप्तिमा स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखी निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति भर्त्सना गर्दै स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाको मान्यता राख्ने यस उपर हुने कुनै पनि जोर जुलुम, जबर्जस्ती, हमला एवं अवैधानिक गतिविधिको विरोध गर्ने उल्लेख गरिएको छ।

'देश जतिसुकै कठिन मोडमा रहँदासमेत कानुनको शासनको आधारभूत मानकलाई बेवास्ता गर्न मिल्दैन,' विज्ञप्तिमा भनिएको छ, 'स्वच्छ सुनुवाइसहितको मानवअधिकारको आधारभूत मापदण्डलाई पालना गर्नु राज्यको प्रथम दायित्व हो भन्ने स्मरण गराउन चाहन्छौं।'

सर्वोच्च अदालतलगायतका सम्पूर्ण अदालतका काम, कारबाही अविलम्ब नियमितरूपमा सञ्चालन गर्न माग गरेको छ। 'जनताको न्यायसम्बन्धी हकको प्रचलन कुनै पनि क्षण अवरुद्ध गर्न हुँदैन भन्ने हाम्रो स्पष्ट मान्यता छ,' विज्ञप्तिमा भनिएको छ, 'न्यायपालिकाको सुधार न्यायपालिकाकै प्रतिवेदनले देखाएको छ, न्यायपालिकाको सुधार वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा भएर हुनुपर्ने जनाएको छ।'

बारको १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनले न्यायपालिकाको पुनर्संरचनाको विषयमा आफ्नो धारणा स्पष्ट राखेको र वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ।

बारले नेपाल प्रहरीको मनोबल खस्कने गरी भएका हर्कतप्रति सरकार गम्भीर हुनुपर्ने उल्लेख गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'दिगो शान्ति संवाद र सहकार्यबाट मात्र सम्भव छ, तसर्थ व्यापक संवाद गर्न नेपाल सरकारसमक्ष हामी अनुरोध गर्दछौं।'

# एक महिने कार्तिक स्नान सुरु

**काठमाडौं (प्रस)–** प्रत्येक वर्ष आश्विन शुक्ल पूर्णिमाका दिन सुरु हुने कार्तिक स्नान, आकाशदीप दान एवं तुलसीको विशेष पूजा आराधना मंगलबारदेखि सुरु भएको छ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नानसहित तुलसीको विशेष पूजा आराधना, आकाशदीपदान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वास छ। आकाशदीप दान पाएसम्म बाँस, नपाएमा पलाँस, खएर, पीपल, आदिको लिंगो ठड्याएर बालिन्छ। आकाशदीप दान भगवान् विष्णुलाई समर्पण गरी बाल्ने गरिन्छ। कार्तिक स्नान बिहान सूर्योदयअघि गरिन्छ भने आकाशदीप दान साँझ गरिन्छ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घरघरमा विशेषरूपमा तुलसी पूजा गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ। तुलसीको विशेष पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले जानकारी दिए।

कार्तिक स्नान गर्नेले मंगलबारदेखि कार्तिक शुक्ल पूर्णिमासम्म दुई दल भएका मास, मुगी, मुसुरो, चना, भटमास आदि अन्न खान नहुने शास्त्रीय मान्यता छ। यस अवसरमा मंगलबार स्वयम्भू चैत्यमा महादीप दानसमेत गरिएको छ।

आश्विन शुक्ल पूर्णिमाकै दिन मनाइने कोजाग्रत पूर्णिमा भने सोमबार राति नै मनाइएको थियो। मध्यरातमा पूर्णिमा भएका दिन कोजाग्रत र सूर्योदय एवं सायंकालमा पूर्णिमा भएका दिन पूर्णिमा व्रत, कार्तिक स्नान, आकाशदीप दान र तुलसीको विशेष पूजा आराधना सुरु गर्नुपर्ने शास्त्रीय वचन रहेको समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले जानकारी दिए।

चोभारमा एक महिने आदिनाथ मेला

कोजाग्रत पूर्णिमाका दिनदेखि एक महिनासम्म चल्ने आदिनाथ मेला सुरु भएको छ। काठमाडौंको दक्षिणी भेग चोभारडाँडास्थित आदिनाथ मन्दिरमा उक्त मेला सुरु भएको हो।

मन्दिरमा शिव र पार्वतीको संयुक्त आकार प्रतिविम्बित मूर्ति राखिएका छन्। जसलाई अर्धनारेश्वर 'आदिनाथ' भनिन्छ। मन्दिरमा हिन्दू र बौद्ध अनुयायीले साझा मन्दिरका रूपमा आस्था प्रकट गर्ने गर्दछन्। कात्तिक शुक्ल पूर्णिमासम्म सञ्चालन हुने उक्त मेलामा काठमाडौं उपत्यका तथा त्यस वरपर क्षेत्रबाट भक्तजन सहभागी हुने गर्दछन्।

मेलामा सहभागी भएमा भय, रोग र विघ्नबाट मुक्त भई पारिवारिक सुख र समृद्धि प्राप्त हुने विश्वास गरिन्छ। मेला अवधिभर मन्दिरमा दर्शन गरे रोगव्याधि तथा छालासम्बन्धी रोग नलाग्ने किंवदन्ती पनि छ। बौद्धमार्गीले लोकेश्वरका रूपमा पूजा गर्ने मन्दिरमा लामो आयु प्राप्त हुने, अकालमा मृत्यु नहुने, धनसम्पत्ति प्राप्त हुने बौद्ध धर्मावलम्बको विश्वास छ। लिच्छवीकालीन राजा अंशुबर्माले स्थापना गरेको यो मन्दिर ऐतिहासिक र पुरातात्त्विक महत्त्वको छ।

हिन्दू धर्मावलम्बीले शिवशक्तिका रूपमा तथा बौद्ध धर्मावलम्बीले आनन्दादी लोकेश्वरका रूपमा आदिनाथलाई पूजा गर्ने गर्दछन्। बौद्ध धर्मावलम्बीले करुणाका प्रतीकका रूपमा र हिन्दू धर्मावलम्बीले आदिनाथका रूपमा देवतालाई सम्मान तथा पूजा गर्ने चलन छ। मेला अवधिभर प्रत्येक दिन विभिन्न बाजागाजासहित मन्दिरमा आएर भजनकीर्तन तथा पूजा हुने गर्दछ।

काठमाडौंबाट करिब नौ किलोमिटर दक्षिणतर्फ अवस्थित उक्त मन्दिर नजिकै चोभारडाँडाबाट काठमाडौं उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ। उक्त मन्दिरबाट नजिकै रहेको मञ्जुश्री पार्क, जलविनायक मन्दिर, टौदह पनि धार्मिक महत्त्वका स्थल हुन्।

पृष्ठ १ बाट क्रमशः

## उजुरी 'जुहारी'ले...

नभए ओली र लेखकलाई पक्राउ गर्न सरकारको लिखित आदेश दिनुपर्ने माग प्रहरीले गरेको थियो।

प्रहरीले सोमबार साँझ गृहमन्त्री अर्यालसँग काठमाडौं महानगरका प्रमुख साहविरुद्ध पनि उजुरी आए के गर्ने भनी प्रश्न गरेका थिए। नभन्दै मंगलबार मेयर साह र हामी नेपाल नामक संस्थाका संस्थापकसमेत रहेका जेन-जी अगुवा गुरुङविरुद्ध जाहेरी परेको छ।

नेकपा एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुका नेताहरूले साह र गुरुङविरुद्ध काठमाडौं प्रहरी परिसरमा जाहेरी दिएका हुन्। प्रहरीले जाहेरी बुझेको र सरकारी वकिलसँग छलफल गरेर दर्ता गर्ने/नगर्नेबारे २४ घण्टाभित्र निर्णय लिने जानकारी दिएको अखिलका पूर्वअध्यक्ष समिक बडालले बताए। 'हामीले जाहेरी दिएका छौं। उहाँहरूले २४ घण्टाभित्र सरकारी वकिलसँग सल्लाह गरेर निर्णय दिन्छौं भन्नुभएको छ,' बडालले भने।

सिंहदरबारलगायत सरकारी संरचनामा आगजनी गरिएको, निजी सम्पत्ति नाश गरिएको र प्रहरीहरूको हत्या अभियोगमा मेयर साह र जेन-जी अभियन्ता गुरुङलाई पक्राउ गर्नुपर्ने अखिलको माग छ। जेन-जी अगुवाका रूपमा सक्रिय गुरुङ आन्दोलनका दिन सिंहदरबारमा आगो लगाएर फर्किरहेको भिडियो यहीबेला सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको छ। मेयर साहलाई भने सरकारी संरचनामा आगलागी गराउने योजनाकारका रूपमा भूमिका खेलेको आरोप लागेको छ।

### थप अप्ठेरोमा पर्दै सरकार

जेन-जी अगुवाहरूको माग एकपछि अर्को गर्दै टर्दै गएपछि सरकार थप अप्ठेरोमा पर्ने देखिएको छ। यसअघि निवर्तमान प्रधानमन्त्री ओली, निवर्तमान गृहमन्त्री लेखकसहित काठमाडौंका निवर्तमान प्रमुख जिल्ला अधिकारी छवि रिजालको राहदानी रोक्का गर्न माग गरिएको थियो। पछि राहदानी रोक्का गर्ने तयारी भने पनि यसबारे कुनै निर्णय नभएको पुष्टि भइसकेको छ।

यसैगरी जेन-जी अगुवाहरूले जेन-जी प्रदर्शनकारीमाथि गरेको दमनको अभियोगमा ओली र लेखकलाई पक्राउ गर्न गरिएको माग प्रहरीले आयोगतर्फ 'फर्वाड' गरेको छ। यसले प्रधानमन्त्री कार्की नेतृत्वको सरकारलाई झनै अप्ठेरो पार्दै ल्याएको छ।

एकातिर निर्वाचनका लागि दलहरूलाई विश्वासमा लिनुपर्ने अवस्था, अर्कोतर्फ जेन-जीको बलिदान र आमजनताको आक्रोशलाई व्यवस्थापन गर्नुपर्ने बाध्यताले कार्की नेतृत्वको सरकार अप्ठेरोमा पर्ने देखिएको राजनीतिक विश्लेषकहरू बताउँछन्।

विश्लेषकहरूका अनुसार जेन-जी आन्दोलनको मर्म र सफलतालाई सरकारले सम्बोधन नगरे प्राप्ति खेर जाने अवस्थासमेत आउने देखिन्छ भने पुरानै दललाई यसले फाइदा पुग्ने देखिन्छ। यसबारे छलफल गर्न मंगलबार साँझ प्रधानमन्त्री कार्कीसहित मन्त्रीहरूको बैठक सिंहदरबारमा बसेको थियो। यसबारे कुनै निर्णय नभएको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए।

विश्लेषकहरू आयोगको प्रतिवेदन र पर्याप्त प्रमाण भएमात्र नेताहरू पक्राउ गर्नुपर्ने बताउँछन्। अन्यथा, यसखाले धरपकडले थप जटिलता आउने र दुई पक्षबीच झडप हुनसक्ने बताउँछन्।

## घोषित मितिमै...

गत भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शनपछि पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा सरकार गठन र प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिएको छ।

आयोगका प्रवक्ता भट्टराईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं मितव्ययी निर्वाचन गराउन आयोग प्रतिबद्ध रहेको स्पष्ट गर्दै आवश्यक स्रोतसाधनको व्यवस्था र परिचालनमा सरकारबाट सहयोगको अपेक्षा गरिएको बताए। 'त्यस अवसरमा निर्वाचनमा नागरिकको अधिकतम् सहभागिता सुनिश्चिचता, निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलसँग तिहारअघि नै छलफल गर्ने विषयमा पनि छलफल भएको छ,' प्रवक्ता भट्टराईले भने, 'यसअघि सम्पन्न संसदीय निर्वाचनका समयमा प्रयोग भएका स्रोतसाधनको प्रारम्भिक अनुमान गरी निर्वाचनका लागि थप आवश्यक स्रोतसाधन माग गर्ने विषयमा पनि छलफल भएको छ।'

यसअघि आयोगको आग्रहमा तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधन भई मतदाता नामावली संकलन भइरहेको छ।

## कृषि फार्मबाट...

सुरुमा सानो क्षेत्रफलमा केही तरकारी लगाएका उनको मिहेनतले हाल चार विघाभन्दा बढी क्षेत्रफलमा फार्म विस्तार भएको छ। हाल उनको फार्ममा करिब एक करोड रूपैयाँभन्दा बढी लगानी छ। फार्ममा साग, टमाटर, काँक्रो, आलु, करेला, बन्दागोभी, भान्टा, बोडीजस्ता तरकारीको साथै केरा, सुपारी खेती, बंगुर र माछापालन गरेका छन्।

उनी बेमौसमी तरकारी उत्पादनमा विशेष ध्यान दिन्छन्। 'बजारमा जब तरकारीको अभाव हुन्छ, त्यतिबेला हाम्रो फार्ममा उत्पादन भइरहेको हुन्छ,' उनी भन्छन्, 'त्यसैले कहिलेकाहीँ त अग्रिम पैसा तिरेर तरकारी बुकिङ गर्न आउने व्यापारीको भीड लाग्छ।'

देउकुमारले फार्ममा रासायनिक मलभन्दा बढी जैविक मल प्रयोग गर्ने गरेको बताए। उनी भन्छन्, 'जैविक तरकारीको स्वाद, गुणस्तर र माग बढी छ, ग्राहक पनि खुसी हुन्छन्।' उनको सफलताको अर्को पाटो हो, स्थानीय युवालाई रोजगारी उपलब्ध गराउनु। अहिले उनको फार्ममा सात जना स्थानीय युवाले नियमित रोजगारी पाएका छन्। तर सिजनमा २०-२२ जना श्रमिकले काम पाउँछन्। 'सिजनमा मजदुर पाउन गाह्रो पर्छ,' उनी भन्छन्, 'मानिस विदेश जान चाहन्छन् तर देशमै राम्रो सम्भावना देख्दैनन्।'

फार्म सञ्चालनबापत खर्च कटाएर वार्षिक १८ लाख रूपैयाँभन्दा बढी आम्दानी लिने गरेको उनी बताउँछन्। 'मिहेनत गरे आम्दानी पनि राम्रो हुन्छ,' उनी भन्छन्, 'मलजल, बीउको छनोट, समयमा स्याहार गर्नुपर्छ।' उनले मलेसियामा पनि मिहेनत गर्थे। तर, त्यो अरूका लागि थियो, अहिलेको मिहेनत आफ्नो सपना र देशका लागि भएको उनको बुझाइ छ।

देउकुमारको बुझाइमा नेपालमा कृषिमा सम्भावना र चुनौती दुवै छन्। उनी भन्छन्, 'मुख्य चुनौती खुला सीमानाका कारण भारतबाट सस्तोमा तरकारी नेपाल भित्रिनु, हाम्रो उत्पादन सस्तोमा बिक्री गर्न नसक्नु हो।' यदि सरकारले बजारमा नेपाली तरकारीलाई प्राथमिकता दिन उपयुक्त वातावरण बनाइदिने हो भने सहजै प्रतिस्पर्धा गर्न सकिने उनी बताउँछन्।

कृषकलाई दिइने सरकारी अनुदानबारे पनि उनी स्पष्ट छन्। 'कतिपय किसानले अनुदान पाउँदैनन्, पाएकाले सही तरिकाले प्रयोग गर्दैनन्, नियमनको अभाव छ,' देउकुमार भन्छन्, 'यदि वास्तविक किसानलाई अनुदान दिइयो भने देशमै सस्तोमा अर्गानिक तरकारी खुवाउन सकिन्छ।'

देउकुमार युवापुस्तालाई आग्रह गर्छन्, 'देशमा केही छैन भनेर हतारमा विदेसिने निर्णय नगर्नुहोस्, सानो पुँजी, सही सोच र सिकेका सीपलाई आफ्नै माटोमा प्रयोग गर्न सकियो भने यहीँ पनि सम्मानजनक आम्दानी सम्भव छ।' *रासस*

## एक वर्षमै...

तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढी पहिरोले थप क्षतिग्रस्त बनाएको हो। राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो सडक बन्द हुने अवस्था निम्तिएको छ।

गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेंसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले क्षति पुऱ्याएको थियो। विशेषगरी नेपालथोक-आँपटार, कालढुंगा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो। गत साल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेंसीका सडकखण्ड पूर्णरूपमा बगाएको थियो। गत सालको बर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत वैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो।

यही असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुऱ्याएको कार्यालयले जानकारी दिएको छ। इञ्जिनियर अधिकारीका अनुसार बिपी राजमार्गअन्तर्गत यस सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुऱ्याएको छ भने राजमागको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेंसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ। यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गर्नुपर्ने अधिकारीको भनाइ छ। अस्थायीरूपमा मर्मत गरी सकेसम्म छिट्टै यातायात सञ्चालन गर्ने तयारी भइरहेको पनि उनले बताए। सोमबारदेखि नै काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकाको सीमा क्षेत्र चौकीडाँडाबाट मर्मत कार्यको थालिएको छ।

कार्यालयका अनुसार रोशी खोलालाई पूर्वतर्फ डाइभर्ट गरी ट्र्याक बनाउन सुरु गरिएको हो। नेपालथोकदेखि सिन्धुलीतर्फ बर्खेखोलासम्म करिब ६०० मिटर रोशी खोलाले बगाएको छ। ट्र्याक खुलेपछि काभ्रेपलाञ्चोकको माम्तीसम्म यातायात सञ्चालन हुने छ। कार्यालयका अनुसार हाल ११० किलोमिटर सडकमा यातायात सञ्चालन रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ।

कार्यालयले गत साल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो। त्यतिबेला बाढीपहिरोले आठ किलोमिटर सडक पूरै बगाएको थियो।

क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको थियो। कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार हाललाई अस्थायी सडक बनाएर सञ्चालनमा ल्याउने योजना अघि बढाइएको हो। 'स्थायी पुनर्निर्माणबारे त्यसपछि के गर्ने भन्ने विषयमा मन्त्रालय र विभागको निर्णयअनुसार अघि बढिने छ,' योगशेले भने।

यस राजमार्ग दुई वर्षमा पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको थियो। स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको थियो। क्षतिग्रस्त राजमार्गको पाँच किलोमिटर सडकखण्डमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्ने छ। जाइकाले पिप्लेदेखि बर्खे खोलासम्म ३.२ किलोमिटर सडक निर्माण गर्ने छ। त्यसका लागि फाइनल सर्भेको काम सकिएको र ठेक्का सम्झौताको चरणमा रहेको योगेशले बताए। बाँकी सिन्धुलीतर्फको एक सडकखण्ड र काभ्रेपलाञ्चोकतर्फको दुई सडकखण्डमा ठेक्का सम्झौताको तयारी भइरहेको उनको भनाइ छ।

यस्तै, क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुईवटा गाडी सहजरूपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्र भएको र अर्को रोशी खोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुण्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ।

यस राजमार्गमा जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा यही असोज १ गतेदेखि २४सै घण्टा सञ्चालनमा ल्याइएको थियो। त्यसअघि राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म १२ घण्टा राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउँदै आइएको थियो। पुनः मनसुन सक्रिय रहने भएपछि असोज १६ गतेदेखि रातको समयमा १२ घण्डा रोक लगाइए पनि असोज १८ र १९ गतेको बाढीपहिरोले यस राजमार्गको सडक सम्पर्कबिच्छेद पारिदिएको छ।

दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने यस राजमार्गमा चाडबाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन्। यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो। सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि सडक डिभिजन भक्तपुरलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको खुर्कोट सडकखण्डलाई एक अर्ब रूपैयाँ उपलब्ध गराएको थियो। *रासस*

# नवदुर्गाको विशेष पूजामा आएनन् राष्ट्रपति

**भक्तपुर–** कोजाग्रत पूर्णिमाको दिन हरेक वर्ष राष्ट्रप्रमुखको सवारी भई नवदुर्गाको पूजा र प्रसाद ग्रहण गर्ने कार्य पहिलोपटक यस वर्ष टुटेको छ।

मंगलबार दिउँसो ४:०० बजे नवदुर्गाको पूजा एवं प्रसाद ग्रहणका लागि राष्ट्रपति रामचन्द्र पौडेल आउने भन्दै जिल्ला प्रशासन कार्यालय भक्तपुरले आवश्यक तयारी गरे पनि अचानक राष्ट्रपति आउने कार्यक्रम स्थगित भएको थियो। राष्ट्रपतिको सट्टा उनको प्रतिनिधिका रूपमा शीतल निवासबाट ४:१५ उनका स्वकीय सचिव सुशील तिमिल्सिना आएका थिए। उनले राष्ट्रपतिका लागि नवदुर्गाको फूल, माला, प्रसाद, बिमिरो र पञ्चरंगी धागो लिएर गए।

स्वकीय सचिव तिमिल्सिनाले अचानक राष्ट्रपतिको स्वास्थ्यमा समस्या आएपछि उनको सवारी रद्द गरिएको जानकारी दिए। त्यसपछि सरकारी पूजाको रूपमा नवदुर्गामा मंगलबार गुठी संस्थानको तर्फबाट संस्थानका प्रमुख शैलेशराज कुँवरले पूजा गरेका छन्।

राष्ट्रपतिको सवारी हुँदा गुठी संस्थानले तयार पारेको पूजा सामग्रीबाट नवदुर्गाको पूजा गर्ने, प्रसाद ग्रहण गर्ने र ३३ नवदुर्गा देवगणलाई राष्ट्रपति कार्यालयबाट ल्याएको दक्षिणा दिने प्रचलन रहेको थियो। यस वर्षको दक्षिणा भने जिल्ला प्रशासन कार्यालयमार्फत देवगणलाई केही दिनमा पठाइने जनाइएको छ।

नवदुर्गा देवगण नाइके बृजेश वनमालाले राष्ट्रप्रमुखबाट हुँदै आएको नवदुर्गाको पूजा ३८ वर्षमा पहिलोपटक टुटेको बताए। नवदुर्गा जात्रा व्यवस्थापन संस्थाका प्रमुख सल्लाहकार नारायणमान वनमालाले पहिलोपटक यस वर्ष राष्ट्रप्रमुखको हातबाट हुने पूजाले निरन्तरता पाउन नसकेको बताए।

स्थानीय समाजसेवी एवं ज्येष्ठ नागरिक अनन्त धौभडेलले तान्त्रिक शक्ति रहेको र आफैं उत्पत्ति भएको किंवदन्तीअनुसार राष्ट्रप्रमुखको पूजाले देशको हित हुने मान्यताअनुसार तत्कालीन राजा वीरेन्द्रको पालामा उक्त परम्परा सुरु भएको जानकारी दिए।

उनले भने, 'दसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको दिन राष्ट्रप्रमुखले नवदुर्गा भवानीको पूजाअर्चना गरी टीका तथा प्रसाद ग्रहण गर्ने र दरबारस्क्वायर गई तलेजुको प्रसाद ग्रहण गर्ने प्रचलन २०४४ सालबाट सुरू भएको हो। त्यो परम्पराले यस वर्ष निरन्तरता पाउन सकेन।' यसअघि भने राष्ट्रप्रमुखको हैसियतमा राष्ट्रपति पौडेलको आगमन हुने गरेको थियो। यदि राष्ट्रपति नआए उपराष्ट्रपति आउने प्रचलन थियो। *रासस*


**साइप्रसमा रोजगार** कम्पनी : S. Merk. Enterprises Ltd.

पूर्व स्वीकृति मिति : २०८२/०५/२४ | LT. No. 323244 | चलानी नं. ६०२३७२६३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: EUR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ६६,२६२ | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

KII Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१



**साउदीमा रोजगार** कम्पनी : Anfaaq General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८२/०६/२० | LT. No. 331958 | चलानी नं. ६०२४५५७१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६७,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Samad Logistics Service Transport Company

पूर्व स्वीकृति मिति : २०८२/०६/२१ | LT. No. 331502 | चलानी नं. ६०२४५५९२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६७,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९७१/०६७/०६८
Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



**मनास्लु डिष्टिलरी प्रा.लि.**
वैतेश्वर-६, नाम्दु
**मूल्य सूचि**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डको मदिरा नेपाल अधिराज्य भरि मिति २०८२ असोज २२ गते देखि लागु हुने गरी निम्न बमोजिमको मूल्यमा विक्री वितरण गरिने भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मूल्य सूचिमा मू.अ. कर, अन्तःशुल्क र अन्य शुल्क समावेश गरिएको छ।

| ब्राण्डको नाम | मि.लि. | यु.पी. | डिष्ट्रिब्युटर मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर कमिशन प्रति कार्टुन | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिसन प्रति कार्टुन | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिसन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति वोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Yanimaya | ३०० | ७० | ९८३.१०/- | १०.९०/- | ९९४/- | १५/- | १००९/- | १९१/- | १२००/- | ४०/- |

*यस उद्योगसँग आर्थिक कारोवार गर्दा यस उद्योगको बैंक खाताहरुबाहेक अरु कसैसँग आर्थिक कारोवार गर्दा यस उद्योगलाई मान्यहुने छैन।*

# सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस सिद्धार्थ **फर्मास्यूटिकल्स प्रा. लि.** भैरहवाबाट उत्पादित औषधीहरुको आ.व २०८२/०८३ को लागि बजार दर रेट तथा बिक्री मुल्य निर्धारण गरि यो दर रेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरु कुनै संग संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यलयहरुले खरिद गर्नु परेमा यस उद्योगको आधिकारीक बिक्रेता **श्री बंगलामुखी मेडिसीन सप्लायर्स प्रा. लि.** भक्तपुरबाट, खरिद गर्न सक्नुहुनेछ भनि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N | BRAND NAME | GENERIC FORM | T-Units | PACK | SALES RATE | MRP |
|---|---|---|---|---|---|---|
| | | **NSAIDs/Ant-Spasmodic/Muscle Relaxant** | | | | |
| 1 | ANAC 100 Tablet | Each Tablet Contains. Aceclofenac 100 | 100 | 10 X 10 | 391.85 | 431.04 |
| 2 | C-NAC TAB | Each Tablet Contains Diclofenac Sodium 50mg | 200 | 20 X 10's | 470.22 | 517.25 |
| 3 | Ibuprofen 400 TAB | Each Uncobled Tablet Contains Ibuprofen 400 mg | 500 | 50X10's | 783.7 | 862.07 |
| 4 | POLAR TAB | Eac h Uncoaled Tablet Contains Paracetamol IP 500 mg | 500 | 50 X 10's | 391.85 | 431.04 |
| 5 | POLAR SUSP | Each 5 ml Contains Paracetamol 125mg | 1 | 1X168 | 23.51 | 25.87 |
| 6 | C-NIM 100 mg | Nimesulido Tablet 100 mg | 250 | 25 X 10.5 | 587.78 | 646.56 |
| 7 | CHEMBUFEN SUSP50ML | Each 5 MI Ibuprofen 100 mg Paracetamol 125 mg | 1 | 1.168 | 25.08 | 27.59 |
| 8 | CHENBUFEN TAB | Ibuprofen 400 mg + Paracetamol 325 mg | 200 | 20 X 10's | 313.48 | 344.83 |
| 9 | HYSCO-10 MG TAB | Each Film Coated Tablet Contains Hyoscine Butyl Bromide 10 mg | 100 | 10 X 10 | 1253.92 | 1379.31 |
| 10 | POLAZOX TAB | Each Uncoated Tablet Contains **Paracetamol IP 500 mg,** | 200 | 10 X 20 | 1097.18 | 1206.9 |
| 11 | MEVER 135 MG | Each Film Coated Tablet Contains Mebeverine 135 mg. | 100 | 10 X 10's | 940.44 | 1034.49 |
| | | **ANTIBACT ERIALS/ANTIBIOTICS PENICILLING** | | | | |
| 12 | SUMOX 250 DT | Each Dispersible Tablet Contains Ainoxycillin 250 mg | 150 | 15 X 140's | 587.78 | 646.56 |
| 13 | SUMOX 500 CAP | Each Capsule Contains: Amoxycillin500mg | 300 | 20 X 15's | 1880.88 | 2068.97 |
| 14 | SUMOX DRY SYR 60ML | Each 5 ml Amoxycillin 125 mg | 1 | 1 X 168 | 70.54 | 77.59 |
| 15 | SUNOX DRY SYR 90ML | Each 5 ml Amoxycillin 125 mg | 1 | 1 X 112 | 90.13 | 99.14 |
| 16 | CHEMCLOX 500 CAP | Each Capsule Contains Cloxacillin 500mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 17 | AMOCLOX CAP | Each Capsule Contains: Amoxycillin 250mg+ Cloxacillin 250 mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 18 | AMOCLOX DRY SRY 6MI | Each 5 ml Amoxycilin 125 mg / Cloxacillin 125 mg | 1 | 1 X 168 | 70.53 | 77.59 |
| 19 | AMOCLOX ORY SRY 90MI | Each 5 ml Amoxycillin 125 mg/**Cloxacillin 125 mg** | 1 | 1 X 112 | 94*04 | 103.45 |
| 20 | CLO- AMPI CAP | Each Copsulo Contains Ampicillin 250mg +Cloxacillin 250 mg | 200 | 20 X 10's | 1880.88 | 2068.97 |
| 21 | CLO-AMPI DSR 60 MI | Each 5 ml Suspension Contains Ampicillin 125mg +Cloxacillin 125 mg | 1 | 1 X 168 | 78.37 | 86.21 |
| | | **CEFALOSP[PORINS** | | | | |
| 22 | CEFIRO DT 100 mg | **CEFIXIM 100 mg Dispersiblo Tablet** | - | 10 X 15 | 1880.88 | 2068.97 |
| 23 | CEFIRO 200 TAB | CEFIXIM 200 mg Tablel | 100 | 10 X 10.9 | 1567.4 | 1724.14 |
| 24 | CEFIRO DRY SYRUP60MI | Each 5 ml CEFIRO DIS contains Cefixime T/H USP Eqvt. 1o Anhydrous Cefixime 50 mg | 1 | 1 X 168 | 94.04 | 103.45 |
| 25 | CEPOBACT Dry Syrup 60 ml | CEFPODOXIM 50 mg | 1 | 1 X 168 | 141.07 | 155.18 |
| 26 | CEPOBACT 200 TAB | **CEFPODOXIM 200 mg** | 1 | 10 X 10 | 1959.25 | 2155.18 |
| 27 | DOXIL 500 CAP | Each Capsule Contains Cofadroxil 500mg | 100 | 10 X 10.9 | 1175.55 | 1293.1 |
| 28 | DOXIL DT 250 | **Each Dispersible Tablet Contains: Celadroxil 250 mg** | 100 | 10 X 1.9 | 666.15 | 732.76 |
| 29 | 1573276 LIX 500 CAPSULE | Each Capsule Contains: Cephalexin 500mg | 100 | 10 X 10's | 1567.4 | 1724.14 |
| 30 | LIX DRY SYRUP 60MI | **60 Each 5 ml LIX Dry Syrup contains**Cephalexin 125 mg | 1 | 1 X 120 | 86.21 | 94.83 |
| | | **FLUOROQUINOLINES** | | | | |
| 31 | OFLONONE 200 TAB | Each Film Coated Tablet Contains: Ofloxacin-200mg | 100 | 10 X 10 | 470.22 | 517.24 |
| 32 | OFLONONE 400 TAB | Each Film Coated Tablet Contains: Ofloxacin-400mg | 100 | 10 X 10 | 626.96 | 689.66 |
| 33 | PROF 500 TAB | Each Film Coated Tablet Conlains; Ciprofloxacin 500 mg | 100 | 10 X 10's | 626.96 | 689.66 |
| | | TETRACYCLINES | | | | |
| 34 | DOXAN Capsule | Each Capsule Contains: Doxycycline 10mg | 200 | 20 X 10's | 94.44 | 1034.49 |
| | | MACROLIDES | | | | |
| 35 | AZITAL SUSPENSION 30 MI | Suspension contains Azithromycin Dihydrate USP Equt to | - | 1 X 120 | 97.96 | 107.76 |
| 36 | AZITAL SUSPENSION 15 MI | Suspension contains Azithromycin Dihydrate USP Equt to | 1 | 1 X 200 | 50.94 | 56.04 |
| | | **VITAMINS I B-COMPLEXI SUPPLEMENTS** | | | | |
| 37 | MULTIVEES CAP | VITAMIN B-COMPLEX + 1 RON | 200 | 20 X 10's | 1097.18 | 1206.9 |
| 38 | BACAMIN TAB | METHYLCOBALAMIN 1500 mcgTablet | 1 | 10 X 10 | 1567.4 | 1724.14 |
| 39 | VITABIC FORTE CAP | VITAMIN B-COMPLEX | 200 | 20 X 10's | 940.44 | 1034.48 |
| 40 | VITBIC FORTE SYR 100ML | VITAMIN B COMPLEX FOLIC ACID | 1 | 1 X 144 | 66.61 | 73.28 |
| 41 | VITBIC FORTE SYR 200ML | VITAMIN B COMPLEX FOLIC ACID | 1 | 1 X 56 | 101.88 | 112.07 |
| | | TOPICALS (OINTMENT/ CREAM/ GEL) | | | | |
| 42 | BOROZINC Cream 10 gm | Each Tube Contains Boric Acid IP 1% W/W, Zinc Oxide IP 1% W/W, Tincture Calendula 4.5% W/W | 1 | 1X25 | 43.11 | 47.42 |
| 43 | POVIDONE IODINE Ointment 10 gm | Each Tube Of 10 gm Contains: Povidone Iodine 5% W/W | 1 | 1X25 | 47.03 | 51.73 |
| 44 | BETACIN-M 10 GM | Each 20 Gram Tube Contains: Betamethasone 0.12% W/W, Gentamycin as Sulphate 1% W/W, Miconazole 2% W/W | 1 | 1X25 | 78.37 | 86.21 |
| 45 | C-NIM GELL 30 GM | Each 25 gm Tube Contains: Nimesulide BP 1% W/W | 1 | 1x24 | 78.37 | 86.21 |
| 46 | C-NAC GEL 25 GM | Each Tube Contains: Linseed Oil BP 3 % W/W, Diciofenac Diethylamine BP 1.16% W/W, Methyl Salicylate IP 10% W/W | 25 GN | 1X24 | 78.37 | 86.21 |
| 47 | CLOSOL G CREAM 16 GM | Each 16 Gram Tube Contains: Clobetasole USP 0.05% W/W, Gentamycin as Sulphate 1% W/W | 1 | 1X25 | 66.62 | 73.28 |
| 48 | CLOSOL M CREAM 10 GM | Each 10 Gram Tube Contains: Clobetasole USP 0.05 % W/W, Miconazoie Nitrate 0.1% W/W | 1 | 1X25 | 39.18 | 43.11 |
| 49 | SISUL CREAM 10g | Each 10 gm Tube Contains: Silver Sulphadiazine IP 1% W/W, Chlorhexidine Gluconate 0.2% W/W | 1 | 1X25 | 43.11 | 47.42 |
| 50 | TRIAL CREAM 15 GM | Each Tube Contains: Clotrimazole USP 1% W/W | 1 | 1X25 | 47.03 | 51.73 |
| 51 | TRIAL BN CREAM 10 GM | Each Tube Contains: Beclomethasone Dipropionate 0.025% W/W, Neomycin 0.5% W/W | 1 | 1X25 | 54.86 | 60.35 |
| | | **COUGH SUPPRESANTS/ EXPECTORANTS** | | | | |
| 52 | CHEMIS EXPECTORANT | Each 5 ml contais: Ammonium Cholride 100 mg, Bromhexine 4 mg, Chlorpheniramine 2 mg | 1 | 1x144 | 78.37 | 86.21 |
| 53 | COSCORYL 100 ml | Each 5 ml contains: Ammonium Chloride 100 mg, Bromhexine 4 mg, Chlorpheniramine 2 mg | 1 | 1x144 | 62.7 | 66.97 |
| 54 | ANTITUS SYR 100 ML | Each 5 ml: Dextromethorphan 7.5 mg Pheniramine Maleate 7.5 mg, Phenylephrine 15 mg | 1 | 1X60 | 94.04 | 103.45 |
| 55 | ANTITUS SYR 50 ML | DO | 1 | 1X120 | 58.78 | 64.66 |
| | | **ANTICOLD/ COLD MANAGEMENT** | | | | |
| 56 | COLDCHEM SUSPENSION | Each 5 ml suspension contains Phenylephrine HCI 2.5 mg. Paracetamol 125 mg. Chlorpheniramine 1 mg | 1 | 1x168 | 35.27 | 38.79 |
| 57 | COLDCHEM TABLETS | Each Uncoated Tablet Contains Phenylephrine 10 mg, Paracetamol 500 mg. Chlorpheniramine 4 mg | 1 | 25x10'S | 587.78 | 646.56 |
| | | **ANTACID/ ANTI- ULCERANTS** | | | | |
| 58 | GASTRIC GEL | Each 5 ml suspension contains Aluminium Hydroxide 125. Magnesium Hydroxide 250 mg. Simethicone 50 mg, Sodium Alginale 35 mg | 1 | 1x84 | 86.21 | 94.83 |
| 59 | HILOC 150 TAB | Each Film Coated Tablet Contains Ranitidine HCI USP 150 mg | 500 | 20x50'S | 783.7 | 862.07 |
| 60 | PANTEX 20 TAB | Each Enteric Coated Tablet Contains: Pantoprazole 20 mg | 100 | 10x10'S | 470.22 | 517.25 |
| 61 | PANTEX 40 TAB | Each Enteric Coated Tablet Contains Pantoprazole 40 mg | 100 | 10x20 | 1253.92 | 1379.31 |
| 62 | Zolimep 40 | EACH ENTERIC COATED TABLET CONTAINS: ESOMAPRAZOLE MAGNESIUM T/H USP EQ TO ESOMAPRAZOLE 40 MG | 100 | 10X10 | 626.96 | 689.66 |
| 63 | OMIL 20 CAP | Each OMIL Capsule Contains: Omeprazole 20 mg | 100 | 10x40 | 1253.92 | 1379.31 |
| | | **APPETIZER & ENZYME** | | | | |
| 64 | HEPTAZYME SYR 200 ML | Each 5 ml syrup contains Fungal Diastase (1: 1200) IP 20 MG/ Pepsin (1:1500) IP 10 mg | 1 | 1x56 | 109.72 | 120.69 |
| 65 | CYPOTONE SYRUP 200 ML | Each 5 ml syrup contains: Cyproheptadine 2 mg | 1 | 1x56 | 101.88 | 112.07 |
| 66 | UDX 150 tab | Each Uncoated Tablet Contains: Ursodeoxycholic Acid BP 300 mg | 100 | 10x10 | 2351.1 | 2586.21 |
| 67 | UDX 300 tab | Each Uncoated Tablet Contains: Ursodeoxycholic Acid BP 300 mg | 100 | 10x10 | 3134.8 | 3448.28 |
| 68 | SER APEP TAB | Each Enteric Coated Tablet Contains Serratiopeptidse 10mg | 100 | 10 x 10 | 783.7 | 862.07 |
| | | **ANTIPOTOZOAL** | | | | |
| 69 | OGYL 400 TAB | Each Film Coated Tablet Contains Metronidazole 400mg | 200 | 20 x 10's | 626.96 | 689.66 |
| 70 | OGYL DF TAB | Each Film Coated Tablet Contains Metronidazole 400mg + Diloxanide 500mg | 200 | 20 x 10's | 1097.18 | 1206.9 |
| 71 | OGYL DF SUSP | Each 5 ml suspension Contains metronidazote 100mg+Diloxanife 125mg | 1 | 1 x 168 | 54.86 | 60.34 |
| | | ANTIEMETIC | | | | |
| 72 | OPRAM TAB | Each Uncoated Tablet contains metoclopramide 10mg | 200 | 20 x 10's | 313.48 | 344.83 |
| | | **ANTI-ALLERGIC /H1 ANTIHISTAMINIG** | | | | |
| 73 | ZIN 10TAB | Each Uncoated Tablet contains Cetinizine dihydrochloride BP 10mg | 200 | 10 x 2*10's | 47.22 | 517.25 |
| 74 | ZIN SYR 30ML | Each 5 MI Contrains : cetirizine dihydrochlorlde BP5mg | 1 | 1 x 120 | 31.35 | 34.49 |
| | | ANTIFUNGAL | | | | |
| 75 | TACON CAPSULE | Each Capsule Contains : Itraconazole BP100mg (AS Pellet) | 1 | 10 x 14 | 1316.61 | 1448.28 |
| 76 | FLUCAP CAP CAPSULE | Each Capsule Contains : Fluconazole Capsule 150mg | 30 | 1 x 30's | 564.27 | 620.69 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आवेशमा होइन, संयमतापूर्वक अघि बढौं

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको भरमा बनेको वर्तमान सरकारको मुख्य कार्यभार प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नु हो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की सरकारको नेतृत्वमा छिन् । सरकार गठनलगत्तै आगामी २१ फागुनका लागि निर्वाचन मिति तोकिसकिएको छ । सोही मितिमा निर्वाचन गराउने प्रतिबद्धता प्रधानमन्त्री कार्कीले जनाएकी छन् । यहीबीच निर्वाचन आयोगले निर्वाचनको कार्यतालिका सार्वजनिक गरिसकेको छ । सोही निर्वाचनमा सहभागी गराउन मतदाता नामावली संकलन कार्यसमेत जारी राखेको छ ।

वर्तमान राजनीतिक अन्योलता अन्त्य गर्न निर्वाचनबाहेकको विकल्प कुनै छैन । तर, पछिल्लो गतिविधिले घोषित मितिमा निर्वाचन हुनेमा आशंका बढाउँदै लगेको छ। जेन-जी अभियन्ताहरूले विभिन्न माग राखी सरकारमाथि दबाब बढाउँदै जाँदा आन्दोलनबाट सत्ताच्युत बनेका राजनीतिक दलहरू पनि प्रतिरोधमा उत्रने संकेत देखिएको छ । जसले मुलुकलाई फेरि अर्को अन्योलता र द्वन्द्वतर्फ धकेल्ने त होइन ? प्रश्न उठेको छ ।

जेन-जी अभियन्ताहरू निवर्तमान प्रधानमन्त्री र गृहमन्त्रीलाई पक्राउ गर्नुपर्ने भन्दै दबाबमूलक अभियानमा लाग्दा त्यसको प्रतिरोधमा नेकपा एमाले उभिएको छ । मंगलबार जेन-जी प्रदर्शनको घटनालाई लिएर दुवैपक्षले काठमाडौं प्रहरी परिसरमा एक अर्काविरुद्ध जाहेरी दिएका छन् । जेन-जी अभियन्ताहरूले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न मागसहित जाहेरी दिएका हुन् । जेन-जी आन्दोलनका क्रममा गोली चलाउन आदेश दिएर आन्दोलनकारीको हत्यामा जिम्मेवार रहेको आरोप लगाइएको छ ।

अर्कोतर्फ एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुका नेताहरूले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र हामी नेपाल नामक संस्थासँग आबद्ध जेन-जी अभियन्ता सुदन गुरुङविरुद्ध काठमाडौं प्रहरी परिसरमै जाहेरी दिएका छन् । सिंहदरबारलगायत सरकारी संरचनामा आगजनी गरिएको, निजी सम्पत्ति नाश गरिएको र प्रहरीहरूको हत्या अभियोगमा साह र गुरुङलाई पक्राउ गर्नुपर्ने अखिलको माग छ ।

यसरी दुई पक्षबीच उजुरीको दोहोरी चल्दा निर्वाचन बिथोलिने आशंका बढेको हो । अर्कोतर्फ नेकपा एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित सर्वोच्चमा रिट दायर गर्ने तयारी गरिरहेको बताइएको छ । यदि मुद्दा परे अदालतबाट आउने फैसलाले अर्को मोडतर्फ लैजानसक्छ । जुनसुकै कारणले घोषित मितिमा निर्वाचन नहुने अवस्था आए राजनीतिक अन्योलता थप जटिल बन्ने निश्चित छ ।

निर्वाचन आयोगले निर्वाचनको कार्यतालिका सार्वजनिक गर्दासम्म दलहरूसँग न सरकारले न त आयोगले छलफल गरेको छ । दलहरूसँगको समन्वय र दलको सहयोग एवं सहभागिताविना निर्वाचन असम्भव छ । त्यसैले सरकार र निर्वाचन आयोगले तत्काल दलहरूसँग छलफल गरी समन्वयसाथ अगाडि बढ्नुपर्छ। दलहरूलाई निर्वाचनमा सहभागी हुने वातावरण सरकारले बनाउनुपर्छ । यता जेन-जीपक्षले पनि निर्वाचन गराउन सरकारलाई सहयोग गर्नुपर्छ। आन्दोलनमा भएको दमन र क्षतिकोबारेमा अनुसन्धान गर्न जाँचबुझ आयोग बनिसकेकोले आयोगलाई स्वतन्त्ररूपमा काम गर्न दिऔं । आयोगको प्रतिवेदन नआउँदासम्म कोही पनि आवेशमा अघि नबढौं ।

# पर्यटन विकासमा नयाँ आशाको सञ्चार



■ विनायक शाह

पर्यटनको प्रवर्द्धनमा निजी क्षेत्रले सुरुदेखि स्वदेश र विदेशमा प्रचारात्मक अभियानलाई अभियानकै रूपमा अगाडि बढाउँदै आएका छन् । हरेक नागरिकले आफ्नो घर, गाउँ, संस्कृति र वातावरणलाई पर्यटकमैत्री बनाउन योगदान दिनुपर्छ । हाम्रो संस्कृति, कला र परम्पराको संरक्षण गर्दै अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्नुपर्छ । दिगो पर्यटनलाई प्राथमिकता दिँदामात्र भावी पुस्ताले पनि यस क्षेत्रको लाभ पाउन सक्छन् ।

पर्यटन हाम्रो देशको अर्थतन्त्र, संस्कृति र पहिचानसँग प्रत्यक्ष सम्बन्धित क्षेत्र हो । नेपाल पर्यटकीय सम्भावनाको हिसाबले प्रशस्त अवसरहरू रहेका छन् । विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकहरूको बीचमा रहेको नेपालले ती मुलुकहरूसँगको व्यापारमा कुनै प्रतिस्पर्धा गर्न सक्दैन तर पर्यटकीय सम्भावनाका दृष्टिले भने ती मुलुकहरूबाट ठूलो संख्यामा पर्यटकहरू आकर्षित गराउन सक्ने क्षमता रहेको छ । यहाँको भौगोलिक विविधता, सांस्कृतिक विशिष्टता र ऐतिहासिक धरोहरहरूले पर्यटकहरूलाई भरपूर आनन्द दिन सक्छन् । 'नेचर, कल्चर र एडभञ्चर'मा नेपाल विश्वमै समृद्ध रहेको छ । तथापि, सम्भावनाको २० प्रतिशत पनि हामीले उपयोग गर्न सकेका छैनौं ।

नेपालमा २००७ सालदेखि नै पर्यटनको विकास सुरु भए पनि ७५ वर्षको अवधिमा जति लाभ लिन सक्नुपर्थ्यो, त्यो हुन सकेको छैन । यसबीचमा केही कामहरू नभएका भने होइनन् तर ती स्वस्फूर्तरूपमा भएका कार्यले राम्रो परिणाम दिन सकेका छैनन् । हामीले अहिलेसम्म पर्यटकीय पूर्वाधारमा जोड दिन सकेका छैनौं भने कस्ता पर्यटक भित्र्याउने र उनीहरूको बसाइँलाई कसरी लम्ब्याउन सकिन्छ भन्नेतर्फ ध्यान पुग्न सकेको छैन । अहिले पनि हामी काठमाडौं, पोखरा, चितवन र लुम्बिनीकै वरपर आठ-दश दिन पर्यटकलाई सीमित गराइरहेका छौं । यसले पर्यटनको लाभ तल्लो तहसम्म पुग्न सकेको छैन ।

वर्षमा ३५-४० लाख पर्यटकलाई विश्वस्तरको सेवा दिनसक्ने हाम्रा होटलहरू छन् तर हामी अझै पनि सानो आकारमा आएको पर्यटकमै रमाइरहेका छौं । हामीसँग पर्यटकलाई राख्ने, भ्रमण गराउने क्षमता नभएको पनि होइन । आवधिक १६औं योजनाले जम्मा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । राजधानीबाहेक भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउन सकिएको छैन । तीन तहका सरकारबीच समन्वय र सहकार्य हुन सकिरहेको छैन । संघीय सरकारकै कुरा गर्दा पनि एउटा सरकारले सन् २०२३ देखि २०३२ लाई पर्यटन दशक घोषणा गर्छ, त्यसलगत्तै बनेको अर्को सरकारले सन् २०२५ देखि २०३५ को दशकलाई पर्यटन दशक भन्छ । मन्त्री फेरिएपिच्छे कार्यक्रमहरू फेरिन्छन् । कुनै सरकारहरू पनि गम्भीरतापूर्वक काम गर्नेभन्दा तदर्थवादमै अल्मलिएका छन् ।

नेपालको अर्थतन्त्रको मेरुदण्ड भनिने पर्यटन क्षेत्रबाट राज्यले लाभ लिन सकिरहेको छैन । वर्षमा छिमेकी मुलुक चीनका झण्डै १८-२० करोड मानिस विश्व भ्रमण गर्दछन् भने भारतका पनि आठ-दश करोड नागरिकले अन्य देशको भ्रमणमा जाने गर्दछन् । उनीहरूले चाहेको सबै कुरा हामीसँग छ । त्यसको दुई प्रतिशतमात्रै नेपालमा भित्र्याउन सक्ने हो भने पनि ५०-६० लाख पर्यटक त यी दुई मुलुकबाट मात्रै ल्याउन सकिन्छ । हवाई तथा सडक कनेक्टिभिटी राम्रो नहुँदा यो अवसरलाई उपयोग हुन सकेको छैन । यसतर्फ सरकारको ध्यान गएको छैन ।

समृद्धिको मुख्य आधार भनेकै पर्यटन क्षेत्र हो । यसले राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउँछ, रोजगारी सिर्जना गर्छ र समृद्धि ल्याउँछ । एक जना पर्यटक नेपाल भित्रिनु भनेको कम्तीमा १० जनाले प्रत्यक्ष/अप्रत्यक्ष लाभ लिन सक्छन् भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ । आफ्नो संस्कृति, प्रकृति र आत्मीयता नै हाम्रो पर्यटनको मूल आधार हो भन्ने कुरालाई हामीले राम्ररी बुझ्न नसक्दा यसबाट लाभ लिन सकेका छैनौं । देशमा व्यवस्था फेरि पनि अवस्था नफेरिनुको मुख्य कारण हामीले हाम्रै सम्पदा, क्षमता र अवसरलाई आत्मसात गर्न नसक्नु हो । यसले गर्दा पटक-पटक राजनीतिक परिवर्तन हुँदा पनि जनताको जीवनस्तरमा तात्त्विक सुधार आउन सकेको छैन ।

### जेन-जी प्रदर्शनपछि पर्यटन विकासको सम्भावना

नेपालको इतिहासमा विभिन्न समयमा भएका प्रदर्शनहरूले शासन व्यवस्थामा मात्र होइन, सामाजिक चेतनामा पनि ठूलो प्रभाव पारेका छन् । नेपालमा लोकतन्त्र स्थापनापछि पनि भ्रष्टाचार, अनियमितता र जवाफदेहिताको अभाव गहिरो समस्या बनेको थियो । राजनीति, प्रशासन र सार्वजनिक निकायहरूमा बढ्दो भ्रष्टाचार र सत्ताको दुरूपयोगप्रति नागरिक, विशेषगरी युवा पुस्तामा असन्तोष बढेको थियो । यही पृष्ठभूमिमा गत भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनले लोकतान्त्रिक अभ्यासलाई सुदृढ पार्दै भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतना र राजनीतिमा युवाको प्रभावकारी सहभागितालाई दबाब सिर्जना गरेको छ ।

लोकतन्त्रलाई बचाउन र सुदृढ बनाउन भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ भन्ने सन्देशसँगै युवापुस्ताले गरेको सक्रियता र बलिदानले पारदर्शी शासन र जवाफदेहिताको बाटो खुलाउन सक्दछ भन्ने उदाहरण विश्व समुदायलाई दिन सफल भएको छ । युवा पुस्ताको नेतृत्वमा भएको यस प्रदर्शनले भ्रष्टाचार नियन्त्रणविना लोकतन्त्र सम्भव छैन भन्ने चेतना फैलाएको छ । यद्यपि, यस प्रदर्शनका क्रममा ७४ जना युवाको अकालमै मृत्यु र अर्बौं मूल्यका सार्वजनिक र निजी सम्पत्ति ध्वस्त भएका छन् । यति ठूलो जनधनको क्षति हुँदा पनि नेपाल भ्रमणमा रहेका पर्यटकहरू कसैलाई केही भएको छैन । भदौ १६ देखि २३ गतेसम्म दैनिक तीन हजारको संख्यामा विदेशी पर्यटन नेपाल भित्रिएका थिए । एक हप्ताको बीचमा करिब २५ हजार ६०० पर्यटकलाई २३ देखि २६ गतेसम्म हिँडडुलमा केही असहज भए पनि २६ गते नयाँ सरकार गठनपछि अवस्था सामान्यीकरण भएकाले निर्धक्कसँग भ्रमण गर्न कुनै समस्या भएको थिएन ।

नेपालमा सामान्यतया: सेप्टेम्बरदेखि पर्यटक आगमनको सिजन सुरु हुन्छ । जेन-जी प्रदर्शनपछि भारत, अमेरिका, क्यानडालगायत केही देशहरूले 'ट्राभल एडभाइजरी' जारी गरी आफ्ना नागरिकहरूलाई नेपाल घुम्न जाँदा अवस्था बुझेरमात्र जान भनेका कारण ती देशका पर्यटकहरू केहीले होटल बुकिङ रद्द गरेको जानकारी गराएका थिए । पक्कै पनि यसले केही असर त पुर्‍याउँछ तर विगतमा पनि यस्ता विकराल अवस्थामा छोटो अवधिमै हामीले पर्यटनलाई पुनर्जीवन दिन सकेका छौं । विभिन्न राजनीतिक प्रदर्शनदेखि गोरखा भूकम्प, कोरोना महामारीपछि पनि छोटो अवधिमै नेपालले लय लिन सकेको भन्दै विश्व समुदायले प्रशंसा गरेका थिए । यसपटकको जेन-जी प्रदर्शनबाट तत्काल केही प्रभाव परे पनि यसले दिएको अवसरलाई उपयोग गरी पर्यटनलाई नयाँ ढंगबाट अगाडि लैजाने समय आएको छ । यतिबेला देशभित्र सबै सरोकारवाला निकायहरू र आम नागरिकहरूबीच सहकार्य र सद्भावको खाँचो रहेको छ भने विदेशमा रहेका नेपाली दूतावास, नियोग, काउन्सिलर र गैरआवासीय नेपाली संघमा आबद्ध सबैले नेपाल सुरक्षित छ भन्ने सन्देश र पर्यटकीय सम्पदाहरूको महत्त्वका बारेमा जानकारी गराउन आवश्यक छ । नेपाली जनताको आत्मीयता, प्राकृतिक सुन्दरताको महिमा र विविध संस्कृतिको धरोहरलाई पर्यटनमार्फत प्रचारप्रसार गर्न सकिन्छ ।

पर्यटनको प्रवर्द्धनमा निजी क्षेत्रले सुरुदेखि स्वदेश र विदेशमा प्रचारात्मक अभियानलाई अभियानकै रूपमा अगाडि बढाउँदै आएका छन् । हरेक नागरिकले आफ्नो घर, गाउँ, संस्कृति र वातावरणलाई पर्यटकमैत्री बनाउन योगदान दिनुपर्छ । हाम्रो संस्कृति, कला र परम्पराको संरक्षण गर्दै अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्नुपर्छ । दिगो पर्यटनलाई प्राथमिकता दिँदामात्र भावी पुस्ताले पनि यस क्षेत्रको लाभ पाउन सक्छन् ।

जेन-जी प्रदर्शनपछि पर्यटनका नयाँ सम्भावना र प्रभावहरू देखिएका छन् । अब मुलुकमा राजनीतिक स्थिरता, भ्रष्टाचारको अन्त्य र युवा पुस्ताको नेतृत्वमा शासन सञ्चालन हुन्छ भन्ने विश्वास बढेको छ । पर्यटकहरूले सुरक्षित वातावरण खोज्ने भएकाले स्थिरता पर्यटन वृद्धिको प्रमुख आधार मान्न सकिन्छ । प्रदर्शनपछि सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण भएमा नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा उज्ज्वल हुन्छ । नयाँ पुस्ताले प्राविधिक र सिर्जनात्मक सोचमार्फत आधुनिक पर्यटन विकासमा योगदान पुर्‍याउन सक्छन् । प्राकृतिक सम्पदा, पर्व परम्परा र सांस्कृतिक सम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्न सकिएमा सांस्कृतिक पर्यटनलाई मजबुत बनाउन सहयोग पुग्छ । यस प्रदर्शनपछि अन्तर्राष्ट्रिय जगतमा पक्कै पनि नेपालको छवि बढ्नुको साथै लगानीको सम्भावना पनि बढेर गएको छ । यसले नेपालको पहिचान स्वच्छ, पारदर्शी र नयाँ पुस्ताद्वारा नेतृत्व भएको देखिन्छ भने अन्तर्राष्ट्रिय लगानी र पर्यटक आगमन बढ्ने अपेक्षा गर्न सकिन्छ । पारदर्शिता, सुशासन, युवाको नवप्रवर्तन र सम्पदाको संरक्षणलाई प्राथमिकतामा राखेमा नेपालले दिगो र विश्वस्तरीय पर्यटन गन्तव्य बन्ने सम्भावना उच्च हुन्छ ।

*(पर्यटन व्यवसायी शाहसँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी) मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

## पाठक मञ्च

# पाँच सय र हजारको नोटमा प्रतिबन्धमा ढिलाइ नगरौं

हिन्दूहरूको चाड दसैं सकिएको छ । सबैभन्दा बढी आर्थिक गतिविधि हुने चाडमा पर्दछ, दसैं । तर यसपालिको दसैंमा पनि सोचेअनुरूप व्यापार नभएको व्यापारीहरू बताउँछन् । व्यापारीहरू गुनासो गर्छन्- यसपटक त राम्रै व्यापार होला भन्ठानेका थियौं, तर भएन । अब राज्यलाई कर, कर्मचारीलाई तलब कसरी दिने ?

सर्वसाधारणले पैसा भए सामान किन्ने हो । सर्वसाधारणसँगै पैसा छैन, सामान कसले किन्ने ? मुलुकमा वेरोजगारी अधिक छ । कमाइ नहुँदा सर्वसाधारणको गोजी रित्तो छ । जसका कारण बजार चलायमान हुन नसकेको हो । व्यापारीहरू बढीबढी नाफा खान खोज्छन् । एउटै सामानमा हजारौं रूपैयाँ नाफा खान्छन् ।

एक सय रूपैयाँमा ल्याएको सामान १५ सय रूपैयाँ भन्छन् । सर्वसाधारणसँग पैसा छ कि छैन ? उनीहरूलाई मतलब छैन । दसैंपछि मंगलबार खुलेको सेयरबजारमा पहिरो नै गएको छ । पहिलो कारोबार दिनमै नेप्से परिसूचकमा ५८.५५ अंकले गिरावट आएको हो । यसले अर्थतन्त्रमा समस्याको संकेत गरेको छ ।

सुनको मूल्य प्रतितोला दुई लाख ३५ हजार नाघिसकेको छ । लगातार बढिरहेको सुनको भाउले ओरालो झर्ने संकेतसम्म गरेको छैन । नाइमाले गत साउन २१ देखि २८ गतेसम्म अटो शोको आयोजना गर्‍यो । नाडाले भदौ ३ देखि ८ गतेसम्म अटो प्रदर्शनी गर्‍यो । नाइमाको उद्घाटन तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरे ।

नाडाको प्रदर्शनी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । त्यतिबेला नयाँ गाडी खरिदका लागि सर्वसाधारणले गरेको बुकिङहरू धमाधम रद्द भइरहेको छ। यातायात कार्यालयहरू लामो समयदेखि सुनसान छ । चार वर्षदेखि देशैभरका १३४ वटा मालपोत कार्यालयमा पनि सन्नाटा छ। किनकि, घरजग्गा कारोबार ठप्प छ। बैंकमा कर्जा माग्न जाने कोही छैनन् ।

सरकारले अहिले नै कुनै कदम नचाल्ने हो भने बजार झनै डामाडोल बन्ने देखिन्छ । यहाँ जोसँग पैसा छ, उनीहरूले जम्मै लुकाए । त्यसैले अहिले पाँच सय र एक हजार रूपैयाँको नोटमा प्रतिबन्ध लगाउनुपर्ने आवाज उठिरहेको छ, यो जायज छ। अर्थमन्त्री रामेश्वर खनालले तत्काल यी नोटमा प्रतिबन्ध लगाउने निर्णय गर्नुपर्छ । अनिमात्र घरभित्र लुकाइएका रकमहरू बाहिर आउँछ। भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनमा शीर्ष नेताहरूको घरमा ठूलो रकम भेटियो ।

कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको घरमा पैसाको खातैखात फेला परेको थियो । यता, ऊर्जामन्त्री दीपक खड्काको घरबाट पैसा नै उडेको थियो । माओवादी अध्यक्ष पुष्पकमल दाहालको घरमा पनि पैसा भेटिएको भनि भिडियोहरू बाहिर आइरहेका छन् । यद्यपि, यसको आधिकारिक पुष्टि हुन सकेको छैन । सम्पत्ति शुद्धीकरण विभागले यसको अनुसन्धान गरिरहेकोले वास्तविकता छिट्टै बाहिर आउला नै ।

केही महिनाअघि मात्र राजधानीको गोंगबुमा झण्डै पाँच करोड रूपैयाँ भेटिएको थियो । यता, भक्तपुरमा एकाध वर्षअघि एउटैको घरबाट करोडौं रूपैयाँ चोरी भएको थियो । नेतादेखि व्यक्तिले घरमा करोडौं रूपैयाँ लुकाएका छन् । हुनेहरूले कोठामा ताला लगाएर राखेका छन्, नहुनेसँग छँदै छैन । अनि बजारले कसरी गति लिन्छ ?

वर्तमान प्रधानमन्त्री सुशिला कार्की देशलाई निकास दिनेतर्फ जानुपर्छ । कसरी बजार चलायमान हुन्छ ? कर कसरी उठ्छ ? घरमा लुकाइएको रकमहरू कसरी निकाल्न सकिन्छ ? यसमा उनको ध्यानाकर्षण हुनुपर्छ । डामाडोल बजारलाई चलाउनतर्फ लाग्नुपर्छ ।

पुराना नेताहरू पाँच सय र हजारको नोटमा प्रतिबन्ध लगाउन डराउनुको कारण उनीहरूकै कारणमा थुप्रिएको पैसा थियो। सबै आफ्नो घरमा थुपारेर राखेका छन् अनि उनीहरूले प्रतिबन्ध लगाउँछन् ? पाँच वर्षदेखि उनीहरूले एउटै शब्द बोल्दै छन्-अर्थतन्त्रले गति लिँदै छ। तर, कहाँ र कसरी लियो ? जनताले देखेका छैनन्।

नयाँ सरकारले तत्काल पाँच सय र हजारको नोटमा प्रतिबन्ध लगाउनुपर्छ। किनकि, सरकारी कर्मचारी, व्यापारीहरूले पनि त्यसरी नै पैसा लुकाएका छन् । पैसा थुपार्नका लागि होइन । पैसा बजार घुमिरहनुपर्छ । एउटा नोट दिनमै सय जनाको हातमा पुग्नुपर्छ । अनिमात्र बजार चलायमान हुन्छ ।

अब अर्थतन्त्र सुधार्ने जिम्मा प्रधानमन्त्री र अर्थमन्त्रीको काँधमा छ । जेन-जीको आन्दोलनपश्चात् कतिपय मुलुकले नेपाललाई भिसा रोकेको छ । जसका कारण विगतको तुलनामा कम रेमिटचान्स आउँछ। विदेश गएर कमाउने सपना देखेकाहरू बेरोजगार भएर बस्नुपर्ने भएको छ । जति अर्थतन्त्र चलायमान भयो, त्यति नै राज्यको ढुकुटीमा राजस्व आउँछ । सरकारले अब पनि हेलचेक्रचाइँ गर्ने हो भने मुलुकमा ठूलो संकट आउने छ । यसतर्फ सरकारको ध्यान जाओस् ।

- **अनुसा थापा**, भक्तपुर

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**राहत सामग्री** | कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले नेपाली सेनाको हेलिकप्टरबाट इलामको माङसेलुङ गाउँपालिका र इलाम नगरपालिकाको बाढीपहिरोबाट प्रभावित परिवारलाई राहत सामग्री पठाउँदै । *तस्बिरः मनोज दाहाल/रासस*

# जानकी मन्दिरमा १०१ कोसेली अर्पण



**महेन्द्रनगर (धनुषा)–** कोजाग्रत पूर्णिमाका अवसरमा मंगलबार जनकपुरधामस्थित जानकी मन्दिरमा १०१ कोसेली (भार) ल्याइएको छ ।

महोत्तरीको रतौली गाउँबाट जानकी मन्दिरमा परम्परागतरूपमा ल्याइने १०१ कोसेली यस वर्ष पनि अर्पण गरिएको हो । सयौं वर्षदेखि निरन्तर चलिआएको यस धार्मिक परम्पराअनुसार मंगलबार पनि रतौलीवासीले विविध पूजा सामग्रीसहितको भार मन्दिर ल्याइएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामारोशन दास वैष्णवले बताए ।

कोजाग्रत पूर्णिमा हिन्दू धर्ममा विशेष महत्त्व राख्ने रात हो । धार्मिक विश्वासअनुसार यस पूर्णिमाको राति देवी लक्ष्मीले जाग्राम बसेका भक्तजनलाई धन र समृद्धिको वर्षा गर्छिन् । त्यसैले यो रातलाई 'अमृत वर्षा' रातका रूपमा लिने गरिन्छ ।

रतौलीबाट ल्याइएको भार जानकी मन्दिरको विशेष पूजामा समर्पित गरिन्छ । जुन जानकी र रामप्रति भक्तिको प्रतीकका रूपमा लिइन्छ । यस परम्पराले मिथिला क्षेत्रको सांस्कृतिक र धार्मिक ऐक्यबद्धतालाई मजबुत बनाउँदै आएको पण्डित कुशेश्वर उपाध्यायले बताए ।

रतौलीका स्व.महेन्द्रप्रसाद ठाकुरको घरबाट मन्दिरमा ल्याइएको भारबाटै भगवान सीतारामको चुमाओन गर्ने परम्परा छ । भारमा पान, मखान, लड्डु, खाजा, चामल, दाल तरकारी, भगवान् राम र माता जानकीको कपडा ल्याइन्छ । सो परम्परा सयौं सालदेखि चल्दै आएको छ ।

भारमा पान, मखन, फलफूल, दही, मिठाइ, सौंफ, मुमफली अनिवार्य हुन्छ भने बेहुलासहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा लग्नुपर्ने हुन्छ । बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ । अर्थात् चुमाओन गरिन्छ । पुरोहितले मन्त्रोच्चारण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले आशीर्वाद दिने गर्छन् । यस दिन बेहुलालाई मिथिलाको पाग लगाइ ससुरालीबाट आउने कपडा पहिराउने गरिन्छ ।

बेहुलीकै घरबाट आउने डाला, धान, अक्षता, दही, केराजस्ता पूजा सामग्रीबाट बेहुलालाई चुमाउने गरिन्छ । बेहुलाको टाउकोदेखि खुट्टासम्म पाँच प्रमुख स्थानलाई चुमाउने चलन छ । चुमाओन गरिनु भनेको एक किसिमको आशीर्वाद दिनु हो । चुमाओन विधि सकिएपछि सामूहिकरूपमा भोजजस्तै खानपिनको आयोजना गरिन्छ । क्षमता हुनेले ठूलो भोजकै आयोजना गर्छन् । यस अवसरमा मिठाइ, मखन, पान बाँड्नैपर्ने हुन्छ ।

खानपिनपछि कौडासहित पचिसी खेल्ने चलन छ । आठ कौडीहरू र सोह्र गोटीद्वारा पासाका चौंसट्ठी बेहुला र बेहुलीका दाजु वा भाइबीच खेलिन्छ । बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामान दिने चलन छ । आभूषण, औंठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ । यसदिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरेअनुसार बाँकी दाइजो दिने चलन छ । यसदिन बेहुली पक्षबाट कम्तीमा पाँचदेखि ११ वा १५ जनासम्म भार लिएर आउने गर्छन् । क्षमता हुनेले १०० वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ ।

छोरीको विवाह भएर बिदाइ गर्ने बेलामा दिइने कोसेलीझैं कोजगरा पर्वमा कोसेली दिने गरिन्छ । मिथिला संस्कृतिअनुसार यसअघि मधुश्रावणीका दिन बेहुलाको घरबाट बेहुलीको घरमा भार पुऱ्याउनुपर्ने हुन्छ ।

### जानकी मन्दिरमा महोत्सव

कोजाग्रत पूर्णिमाका दिन जनकपुरधामको प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरमा विशेष महोत्सवको आयोजना गरिएको छ । कोजाग्रत पूर्णिमालाई भव्य बनाउन जानकी मन्दिरमा भजन कीर्तनको आयोजना गरिन्छ । प्रत्येक वर्ष उत्सवका बेला हाँस्यपरिहास आयोजना हुने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए ।

महोत्सवलाई आकर्षक बनाउन मन्दिरमा भजनकीर्तन आयोजना गरिन्छ । महन्थ वैष्णवकाअनुसार मिथिलानीले आफ्नो ज्वाइँका लागि पनि भार पठाउने गर्छन् । यो परम्परा विगत ११५ वर्षदेखि चल्दै आएको बताइन्छ । *रासस*

# बाढीले सुनसरीमा एक हजारभन्दा बढी घर प्रभावित



**सुनसरी (प्रस)–** गत शनिबार र आइतबारको वर्षासँगै आएको बाढीले जिल्लामा एक हजारभन्दा बढी घर प्रभावित भएका छन् ।

बाढीले सुनसरी सदरमुकाम इनरुवासहित धरान, इटहरी, बराहक्षेत्र, दुहबी, रामधुनी, इनरुवा, गढी, बर्जु, कोसी, भोक्राहा, हरिनगर र देवानगञ्जमा एक हजार ३७० घर प्रभावित भएको जिल्ला प्रहरीका प्रहरी उपरीक्षक केशव थेबेले जानकारी दिए ।

जिल्लाका विभिन्न खोला तथा नदीमा आएको बाढीले पाँच हजार ४७४ जनालाई प्रत्यक्ष असर परेको उनले बताए । प्रभावित घरमा पानी प्रवेश गर्नुका साथै आंशिकरूपमा क्षति पुगेको प्रहरी उपरीक्षक थेबेले बताए । सुरक्षाकर्मीको टोलीले बाढीमा फसेका ३४४ जनालाई उद्धार गरेको जानकारी दिएको छ ।

सदरमुकाम इनरुवामा २०० परिवार विस्थापित भएका छन् । पश्चिममा सुनसरी खोला र पूर्वमा गडन खोलाको बाढीले इनरुवा नगरपालिकाको ३, ४, ९ बबिया र १० जल्पापुरसहित दर्जनौं बस्ती डुबानमा परेका छन् ।

# खुम्बुमा असोजमै हिमपात

■ सुवास दर्नाल

**सोलुखुम्बु–** सगरमाथा क्षेत्रमा शरद् ऋतु सुरु हुँदै गर्दा पर्यटकीय याम पनि सुरु हुन्छ । हरेक वर्षको असोज अन्तिम साता नाम्चेबजारदेखि गोक्यो, दिङ्बोचे र फोर्चेसम्मको बाटोमा पर्यटक, व्यापारी र स्थानीय चहलपहल बढ्छ ।

यस वर्ष भने असोजको तेस्रो सातामै हिउँ परेपछि खुम्बु क्षेत्र सेताम्य भएको छ । यस क्षेत्रमा असोजमा हिउँ पर्नु दुर्लभ मानिन्छ । यसपटकको असोजको हिमपातले स्थानीय, व्यवसायी र आरोहण टोली प्रभावित भएका छन् ।

गत आइतबार बिहानदेखि सुरु भएको भारी वर्षापछि सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको नाम्चेभन्दा माथिल्लो क्षेत्रमा हिउँ परेको छ । लगातारको वर्षा र हिमपातले दिङ्बोचे, लाबुचे, फेरेचे र गोक्यो क्षेत्र सेताम्य बनेको स्थानीय पासाङ शेर्पाले जानकारी दिए ।

खुम्बु पासाङल्हामु गाउँपालिका-४ का अध्यक्ष लक्ष्मण अधिकारीका अनुसार आइतबार परेको हिमपातले खुम्बुको माथिल्लो क्षेत्रको छानामाथि चार फिटभन्दा बढी हिउँ जमेको थियो । 'नाम्चेभन्दा माथिल्लो क्षेत्रमा परेको हिउँले जनजीवन प्रभावित बनाएको छ,' अधिकारीले भने, 'दिङ्बोचे क्षेत्रमा पाँचवटा होटल हिमपातबाट प्रभावित भएका छन्, तर मानवीय क्षति भने भएको छैन ।' दिङ्बोचे क्षेत्रका पाँच होटल जस्तासहितका संरचना हिउँको भार सहन नसकी भास्सिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जानकारी दिएको छ ।

कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) मनोजित कुँवरले भने, 'हिउँको भार र लगातारको वर्षाले छानाको संरचना भत्किँदा पाँच होटल भासिएका हुन् । मानवीय क्षति नभए पनि आर्थिक क्षति भने भएको छ ।' पर्यटन याम सुरु भइसकेका बेला परेको हिमपातले व्यापारीलाई थप चिन्तित बनाएको उनको भनाइ छ ।

### असामान्य मौसमी परिवर्तन

खुम्बुमा असोजमै हिउँ पर्नु असामान्य मानिन्छ । सामान्यतया मंसिरदेखि माघमामात्र यहाँ बाक्लो हिमपात हुन्छ । सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) का अध्यक्ष लामाकाजी शेर्पाले भने, 'हिउँ असोजमा पर्नु जलवायु परिवर्तनको संकेत हो । मैले असोज महिनामा हिउँ परेको घटना कमै मात्रामा देखेको छु । यो दुर्लभ घटना हो ।'

उनका अनुसार जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा मौसमको स्वरूप अनिश्चित बन्दै गएको छ । पहिले निश्चित समयमा हिउँ पर्ने र पग्लिनेक्रम हुन्थ्यो, अहिले त्यो तालमेल हराएको उनको भनाइ छ ।

### जीवनशैली र कामकाज प्रभावित

हिमपातपछि खुम्बुका बासिन्दाको दैनिक जीवन प्रभावित भएको छ । असोज २० गते बिहान मौसम खुलेपछि केही हिउँ पग्लिए पनि चिसोले जनजीवन सुस्त बनेको स्थानीयको भनाइ छ । हिउँ परेपछि तापक्रम घटेको स्थानीय ल्हाक्पाग्याल्जेन शेर्पाले बताए ।

हिउँका कारण खुम्बुमा निर्माणाधीन आमा दब्लङ जलविद्युत् आयोजनाको काम पनि रोकिएको छ । वडाध्यक्ष अधिकारीका अनुसार कामदारहरू चिसोका कारण नाम्चे झरेका छन् । मौसम अनुकूल भएपछि मात्रै काम सुरु हुने उनको भनाइ छ ।

### जलवायु परिवर्तनको प्रभावमा हिमाली जीवन

खुम्बु क्षेत्रमा पछिल्ला वर्षमा मौसममा अप्रत्यासित परिवर्तन देखिएको छ । कहिले असोजमै हिउँ पर्ने, कहिले माघमा हिउँ नपर्ने अवस्था बनेको छ । वातावरणविद्हरूका अनुसार तापक्रम वृद्धि र वर्षाको असन्तुलनका कारण हिमालमा हिउँको मात्रा घट्दै गएको छ । तर छोटो समयमा तीव्र हिमपात हुने घटना बढेका छन् ।

'पहिले असोजदेखि मंसिरसम्म पर्यटकीय याम रहन्थ्यो, अहिले हिउँ र वर्षाका कारण बाटो बन्द हुने, उडान रोकिने, होटल खाली हुने समस्या छ,' स्थानीय व्यवसायी तोयकुमार श्रेष्ठले भने ।

खुम्बुका बासिन्दाले असोजमै हिमपातपछि जलवायु सन्तुलनका लागि स्थानीय तह र सरकार दुवैले ध्यान दिनुपर्नेमा जोड दिएका छन् । 'हामीले केही वर्षयता जलवायु परिवर्तन महसुस गर्दै आएका छौं,' नाम्चेका सुमन मोक्तानले भने, 'अहिले हिउँ असामान्य समयमा पर्छ, गर्मी असामान्य बेला आउँछ । यो हिमालको स्वरूप बदलिँदै छ ।'

स्थानीय जनप्रतिनिधिले पनि जलवायु अनुकूलन कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्नेमा स्थानीयले जोड दिएका छन् । 'हिउँ असामान्य समयमा परेपछि ढुवानी, पर्यटन र जनजीवन सबै प्रभावित हुन्छ,' खुम्जुङका वडाध्यक्ष लक्ष्मण अधिकारीले भने, 'हाम्रो आर्थिक जीवन हिउँसँगै बाँधिएको छ, त्यसैले राज्यले पनि यस क्षेत्रमा विशेष योजना ल्याउनुपर्छ ।'

### कोरियाली आरोहीको मृत्यु

महाकुलुङ गाउँपालिका-३ स्थित मेरापिक हिमाल आरोहणका क्रममा यही असोज २० गते कोरियाली नागरिक टेजुन पार्कको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जानकारी दिएको छ ।

डिएसपी कुँवरका अनुसार पार्क असोज १८ गते मेरापिक हिमाल आरोहणका क्रममा छ हजार ४६० मिटर उचाइमा पुगेका थिए । मौसम प्रतिकूल भएपछि पार्क र नेपाली गाइड तेम्बा शेर्पा बेपत्ता भएका थिए । खोजतलास गर्दा तेम्बा शेर्पा छ हजार १०० मिटर उचाइमा जीवित फेला परेका थिए भने पार्क मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

मृतक पार्कको शव हेलिकप्टरमार्फत लुक्ला ल्याई आवश्य प्रक्रिया पूरा गरी काठमाडौंको शिक्षण अस्पतालमा शव परीक्षणका लागि पठाइएको कुँवरले जानकारी दिए । प्रारम्भिक अनुसन्धानअनुसार अत्यधिक चिसो र अक्सिजनको कमीका कारण पार्कको ज्यान गएको हुनसक्ने अनुमान प्रहरीले गरेको छ । *रासस*

# हुम्लाको उच्च भेगमा हिमपात



**हुम्ला–** हुम्लाको उच्च भेगमा हिमपात सुरु भएको छ । सोमबार साँझदेखि हुम्लाको उत्तरी नाम्खा गाउँपालिकाको यारी, हिल्सा, लिमीलगायत उच्च भेगमा हिमपात भएको हो ।

हिमपातसँगै हिल्सामा चिसो बढेको स्थानीय सोनामग्याल्जेन लामाले बताए । सोमबार दिउँसोदेखि हल्का वर्षा भएकामा मंगलबार हिमपात भएको लामाले टेलिफोनमार्फत जानकारी दिए । हिमपातसँगै यहाँको जनजीवन प्रभावित बनेको छ ।

त्यसैगरी सिमकोट गाउँपालिकाका उच्च क्षेत्रहरू पञ्चमुखी, रलिङ, सैपाललगायत खार्पुनाथका उच्च हिमालमासमेत हिमपात भएको छ । जिल्लाका उच्च भेगमा हिमपात भएसँगै सदरमुकाम सिमकोटसहित होचो क्षेत्रमा वर्षा भएको स्थानीयले बताए ।

सदरमुकाम सिमकोटमा एक्कासि चिसो बढेको स्थानीय मुक्ति रावतले बताए । चिसोले विद्यालयमा विद्यार्थी उपस्थिति घटेको मानसरोवर नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक अमरबहादुर शाहीले जानकारी दिए । एकमात्र विमानस्थलमासमेत वर्षाले उडान अवरुद्ध भएको छ । *रासस*

# मेची राजमार्ग र तमोर करिडोर अवरुद्ध हुँदा वैकल्पिक मार्ग प्रयोग

**तेह्रथुम (प्रस)–** अविरल वर्षासँगै आएको बाढीपहिरोका कारण मेची राजमार्ग र तमोर करिडोर सडक अवरुद्ध बनेपछि वैकल्पिक मार्गका रूपमा फिदिम-म्याङ्लुङ-धनकुटा-धरानको रुट प्रयोग गरिएको छ ।

ताप्लेजुङ, पाँचथर र तेह्रथुमको आठराई क्षेत्रका यात्रुले पूर्वी तराई झर्न प्रयोग गर्ने मेची राजमार्ग र तमोर करिडोरका एक दर्जन स्थानमा बाढीपहिरोले अवरुद्ध हुँदा यात्रु महँगो भाडा तिरेर लामो दूरीको वैकल्पिक रुट प्रयोग गर्न बाध्य भएका हुन् ।

पाँचथर सदरमुकाम फिदिमबाट मध्यपहाडी लोकमार्ग प्रयोग गरेर तेह्रथुम सदरमुकाम म्याङ्लुङ पुग्दा मेची राजमार्गहुँदै झण्डै झापाको बिर्तामोड पुगिन्छ भने तमोर करिडोर भएर धरान नै पुगिन्छ । यी प्रमुख सडकको विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि वैकल्पिक मार्ग प्रयोग गरिएको हो ।

सोमबार दिउँसो तेह्रथुमको म्याङ्लुङ बसपार्कमा भेटिएकी काठमाडौंकी कमला पाठकले आफू पनि वैकल्पिक मार्ग प्रयोग गरी म्याङ्लुङ आइपुगेको बताइन् । उनले म्याङ्लुङबाट बसन्तपुर-हिले-धनकुटा-धरानहुँदै काठमाडौं फर्किने बताइन् ।

पाँचथर याङवरकका राजकुमार सेलिङले पनि बैकल्पिक मार्ग प्रयोग गरी झापाको बिर्तामोड हिँडेको बताए । पाथीभरा देवीको दर्शन गरेर फर्किने दर्शनार्थी, उपचारका लागि सुविधासम्पन्न अस्पताल खोज्दै तराई झर्ने सेवाग्राही र विशेष कामले पूर्वी तराई र राजधानी काठमाडौं फर्किनेका लागि वैकल्पिक मार्गले सहज भएको छ ।

म्याङ्लुङस्थित तेह्रथुम यातायात प्रालिका इन्चार्ज मंगल बेघाका अनुसार ताप्लेजुङ र फिदिमबाट झापा, मोरङ, सुनसरी जाने यात्रुवाहक सवारीसाधन म्याङ्लुङहुँदै गइरहेका छन् । जिल्ला प्रहरी कार्यालय तेह्रथुमले दिएको जानकारीअनुसार यो मार्ग भएर सोमबार २०० को हाराहारीमा सवारीसाधन आवतजावत गरेका छन् ।

तेह्रथुमको आठराई गाउँपालिकाको माझीटारदेखि लालिगुँरास नगरपालिकाको चित्रेसम्मको १२० किलोमिटर सडकमध्ये २४ किलोमिटरबाहेक सबै सडक पक्की छ । फेदाप गाउँपालिका-२ ओयाक्जुङदेखि वडा नं ५ इसिबुसम्मको १४ किलोमिटर खण्ड कच्ची छ भने फेदाप-२ स्थित खोरंवा-यावरा १० किलोमिटर कच्ची सडक छ ।

सवारीसाधनको चाप बढ्ने अवस्थालाई मध्यनजर गर्दै यात्रुको सहजताका लागि फेदाप गाउँपालिकाले आइतबार कच्ची सडकको पनि मर्मत गरेको छ । तेह्रथुमको सडक अहिलेको अवस्थामा सुरक्षित रहेको र धनकुटा हुँदै धरानसम्म यातायात सञ्चालनमा कुनै समस्या नरहेकाले प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीले बताए ।

पूर्वी पहाडलाई प्रदेश राजधानी विराटनगरसँग जोड्ने द्रुतमार्ग तमोर करिडोर सडक विभिन्न स्थानमा अवरुद्ध छ । ताप्लेजुङ, पाँचथर हुँदै झापा जोड्ने मेची राजमार्गको पनि इलाम र माइखोलालगायत स्थानमा अवरुद्ध रहेको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईको भनाइ छ ।

# प्रभाव दैनिक

बुधबार, २२ असोज २०८२ (Wednesday, 08 October 2025)


रूपशाला

### अर्को दसैंमा फिल्म ल्याउँदै दीपकराज

अभिनेता तथा निर्माता दीपकराज गिरीले २०८३ सालको दसैंमा फिल्म ल्याउने घोषणा गरेका छन् । अहिले 'छक्कापञ्जा कमेडी टूर'को सिलसिलामा अमेरिका भ्रमणमा रहेका उनले त्यहाँबाटै आउने दसैंमा फिल्म ल्याउने घोषणा गरे । उनले यसबारेको जानकारी फेसबुकमार्फत दिएका छन् । उनी भन्छन्, 'देशको राजनीतिक अवस्था साथै प्राकृतिक प्रकोपका बिच दसैं सोचे जस्तो पक्कै भएन होला ! हामीले पनि यो साल चलचित्र ल्याउन सकेनौं, तैपनि दशैमा प्रदर्शन भएका नेपाली चलचित्रहरूलाई दिनुभएको मायाका लागि धेरै धेरै धन्यबाद ! अर्को साल दशैमा भेटौला !'





# 'वरिष्ठ बलराम'मा दयाहाङ र विजय

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'वरिष्ठ बलराम'मा दयाहाङ राई र विजय बराल मुख्य भूमिकामा छन् । दयाहाङ र विजय प्राय: धेरै चलचित्रमा सँगै देखिन्छन् । हिट सिरिज 'कबी'देखि 'जारी'सम्म यी दुई कलाकार सँगै हुन्छन् । यस्तै यी दुई अभिनेता सँगै रहेको सिनेमा हो, 'वरिष्ठ बलराम' ।

यो चलचित्रका अहिलेसम्मका प्रचार सामग्रीमा दुवै कलाकार उत्तिकै स्पेसमा देखिएका छन् । पोस्टर, मोसन पोस्टर र टिजरमा दयाहाङ र विजयले बराबर स्पेस पाएका छन् । पोस्टर र टिजरमा यी दुई आपसी नोकझोकमा देखिएका छन् । एकले अर्कोलाई देखि नसहेको अवस्थामा चित्रण गरिएको छ ।

केही समयअगाडि 'वरिष्ठ बलराम'को गीत सार्वजनिक भएको थियो । 'न्यौली बनैमा' बोलको गीतमा विजय र समृद्धि अर्यालको जोडी देखियो । यो गीतमा दयाहाङ देखिएनन् ।

यसले यो सिनेमाको हिरो को हो भन्नेमा शंका पैदा गरिदिएको छ । लिगेसी हेर्दा यो सिनेमाको मुख्य भूमिकामा दयाहाङ हुने सम्भावना धेरै छ । तर, पछिल्लो समय विजय पनि मुख्य भूमिकामा बाक्लै देखिन थालेका छन् । 'पूर्ण बहादुरको सारङ्गी' हिट भएपछि विजयले लगातार मुख्य भूमिकामा काम गरिरहेका छन् ।

नाम सुन्दा बलराम मंगोल समुदायमा यो नाम (बलराम) कमै हुन्छ । तर, हुँदै नहुने पनि होइन । बलराम नाम क्षेत्री ब्राह्मण समुदायमा धेरै राख्ने गरिएको छ । त्यसैले यो चलचित्रको मुख्य पात्र अथवा नायक को हो भन्नेमा कौतुहलता पैदा हुन थालेको छ ।

जे होस् अक्सर सिनेमामा दयाहाङको साथीको भूमिकामा देखिने विजय 'वरिष्ठ बलराम'मा कस्तो भूमिकामा छन्, त्यो निर्माणपक्षले सस्पेन्स राखे पनि यी दुईबीचको संघर्ष र नोकझोक हुने कुरा भने लुकाएको छैन । त्यसैले यी दुईबीचको नोकझोक हेर्न रमाइलो हुने पक्का छ ।

कात्तिक ६ गते भाइटीकामा रिलिज हुने 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । 'वरिष्ठ बलराम'मा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारको अभिनय छ । निर्देशक पौडेलकै कथा र सम्पादन रहेको चलचित्रको पटकथा महेश दवाडीले लेखेका हुन् । वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्मसको सहकार्य रहेको चलचित्रमा आशिष एच तामाङ र श्रीराज कार्की निर्माता छन् ।

मनकृष्ण महर्जनको छायांकन रहेको चलचित्रमा प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको एक्सन निर्देशन, प्रदीप लामाको नृत्य निर्देशन छ । यो चलचित्रलाई काठमाडौं उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रिव्युसनले वितरण गर्नेछ ।

# मैझारोको 'साकेला नाचौं'मा नाचे दयाहाङ, दीया, धिरज र मिरूना



**काठमाडौ (प्रस)–** दसैंको पुर्णिमाको अवसर पारेर फिल्म 'मैझारो'मा समावेश दोस्रो गीत 'साकेला नाचौ 'रिलिज भएको छ । निर्माण पक्षले फिल्मको प्रदर्शन मिति नजिकिदै गर्दा दोस्रो गीत रिलिज गरेको हो । राजेश पायल राई र मेलिना राईको स्वर रहेको यो गीतमा शब्द रचना पदम साधना कुलुङ । संगीत भने तोरेम्पाहाङ राईले भरेका छन् ।

ओएसआरको युटुब च्यानलबाट रिलिज गरिएको यो गीतमा दुई जोडी कलाकारले नाचेका छन् । दयाहाङ राई,दीया पुन,धिरज मगर र मिरुना मगर छन् । उनीहरूले छमछमी साकेला नाचेका छन् । नेपालको पुर्वी जिल्लामा रहेका राई समुदायले आफ्नो पर्वको रूपमा साकेला नाच राख्दै आएका छन् । किराँतहरूले उधौली र उभौलीको समयमा साकेला नृत्य गर्ने गरिन्छ ।

लिम्बू र राई समुदायबीचको प्रेम सम्बन्धको कथामा आधारित यो फिल्ममा कथा अनुसार कै गीत मिलाइएको निर्माण पक्षको भनाई छ । यो गीत रिलिज भएसँगै दर्शकले उत्कृष्ट प्रतिक्रिया दिन थालेका छन् । तसर्थ नेपालको पुर्वमा यो गीत तिहारको समयमा खुब चल्ने अनुमान गर्न सकिन्छ ।

यस फिल्मको यसअघि रिलिज भएको पोस्टर,टिजर र गीतले दर्शकमाझ एक किसिमको हाइप बढाई सकेको छ । यस रिलिज भएको गीत 'तिमीलाई के थाहा सानु' चर्चामा छ ।

हास्यकलाकार विल्सन विक्रम राई ९तक्मे बुढा० को डेब्यु निर्देशकिय फिल्म हो । नेपाली मौलिक प्रेम कथामा आधारित यो फिल्ममा धिरज,मिरुनाका साथमा दिया पुन,बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माउत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बु लगायतका कलाकारको अभिनय समावेश छ ।

'तक्मे प्रोडक्सन' को ब्यानरमा निर्माण भएको यो फिल्मका गीतमा अनमोल गुरुङ र तोरेम्पाहाङ राईले संगीत भरेका छन् । गायनमा राजेशपायल राई, झुमा लिम्बू ,मेलिना राई, अस्मिता अधिकारी लगायतको रहेको छ । सौरभ लामाले छायांकन गरेका फिल्मको वितरण आरआर फिल्मले गर्दैछ र डिजिटल अधिकार ओएसआरले लिएको छ । कातिक ७ गतेबाट अल नेपाल रिलिज हुन लागेको यो फिल्मको निर्माण कम्पनी तक्मे प्रोडक्सन हो ।


## साउदीमा रोजगार

कम्पनी : Global Specialized Transport Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०६/२० | LT. No. 331860 | चलानी नं. ६०२४५५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 22 | 0 | 1800 | ६७,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080


# रंगशाला

महिला टी-२० अन्तर्राष्ट्रिय शृंखला

# मलेसियाविरुद्धको चौथो खेलमा नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** महिला टी-२० अन्तरराष्ट्रिय शृंखलाको चौथो खेलमा नेपाल विजयी भएको छ । मलेसियामा मंगलबार भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको हो । योसँगै नेपाल र मलेसियाबीचको पाँच खेलको शृंखलामा २-२ को बराबरी भएको छ ।

यसअघि भएको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा मलेसियालाई छ विकेटले हराएको थियो । तेस्रो खेलमा नेपाल १३ रनले पराजित भएको थियो । मलेसियाले दिएको एक सय १२ रनको लक्ष्य पछ्याएको नेपालले १७ दशमलव ३ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालको लागि कप्तान इन्दु



बर्माले ३९ बलमा ४८ रनमा अविजित रहिन् । त्यस्तै रुबिना क्षेत्रिले २३ बलमा २३ रन बनाइन् । मलेसियाको लागि नुर दानिया स्युहादा, आइना हमिजा र माहिरा इजातीले समान एकएक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ११ रन बनाएको थियो । उसका लागि मास एलिसाले अविजित ५६ रन बनाइन् । माहिराले १८ तथा नुर दानियाले १५ रन बनाएकी थिइन् ।

नेपालकी कविता कुँवरले तीन विकेट लिइन् भने पूजा महतो र कविता जोशीले समान एक एक विकेट लिए । शृंखलाको अन्तिम खेल आज (बुधबार) हुनेछ ।


## साउदीमा रोजगार

कम्पनी : FACTORY ASAB FOR MANUFACTURING

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331691 | चलानी नं.६०२४५५९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD WORKERS | 1 | 0 | 1000 | ३७,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

## मलेसियामा रोजगार

कम्पनी : Kr Meta Security Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०६/२१ | LT. No. 331331 | चलानी नं. ६०२४५५८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 0 | 1700 | ५७,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81


# जनकपुर बोल्ट्सले चेन्नईमा प्रशिक्षण क्याम्प राख्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) को च्याम्पियन जनकपुर बोल्ट्सले भारतको चेन्नई सुपर किंग्स एकेडेमीमा प्रशिक्षण क्याम्प राख्ने भएको छ ।

जनकपुरले चेन्नईसँगको सहकार्यमा क्याम्प अक्टोबर १० देखि नोभेम्बर १ सम्म सञ्चालन हुने जानकारी दियो ।

कोइम्बाटोरमा हुने क्याम्पमा जनकपुरका ८ खेलाडीले सहभागिता जनाउनेछन् । हाल ट्वान्टी-२० विश्वकप एसिया एण्ड इस्ट-एसिया प्यासिफिक छनोट खेल्न नेपाली टोलीमा रहेका आसिफ शेख र ललितनाराण राजवंशी तथा अस्ट्रेलियामा ग्रेड क्रिकेट खेलिरहेका किशोर महतो भने क्याम्पमा हुने छैनन् । अनिलकुमार साह, रूपेश सिंह, शुभ कंसाकार, विकास आग्री, सचिन भट्ट, तुलबहादुर थापामगर, आदित्य महता र मयन यादव क्याम्पमा सहभागी हुनेछन् ।

प्रतियोगिताको पहिलो संस्करण २०८१ मंसिर १५ देखि पुस ६ गतेसम्म त्रिवि क्रिकेट मैदानमा भएको थियो ।

फाइनलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै ड्रम स्पोर्ट्स प्रालीको स्वामित्वमा रहेको जनकपुर बोल्ट्स च्याम्पियन बनेको थियो ।

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा एनपिएलको दोस्रो संस्करण मंसिर १ देखि २७ सम्म हुँदैछ । यसपटक पनि प्रतियोगिता त्रिवि क्रिकेट मैदानमै हुनेछ ।


## Vacancy for Consultant Gynae & Obs

**Notice 2082/06/22**

Om Hospital and Research Center (P.) Ltd., Kathmandu an ISO 9001:2015 certified multi-specialty medical facility hospital has the following vacancy.

| S.No. | Post | Basic Criteria |
|---|---|---|
| 1 | Expert Specialty Consultant-Gynae & Obs<br>विशिष्ट विज्ञ विशेषज्ञ चिकित्सक | ● Minimum Master's Degree.<br>● Full time consultant in general Gyane & Obs and minimum twenty five years experience in reputed hospital.<br>● Clinical experiences in minimally invasive gynecological surgeries and IVF.<br>● Ability to run IVF Clinic<br>● Independent ability to perform all Gynae & Obs surgeries including endoscopic surgery.<br>● Minimum 3 years of academic experiences as faculty member.<br>● Willing to cover 24hrs emergency. |

Apply with detailed resume, copy of citizenship, latest passport size photograph mentioning present appointment, qualification, experiences and expected salary within 30 days of this advertisement. Only shortlisted candidates will be contacted for further process.

Human Resource Department
**Om Hospital & Research Center (P) Ltd.**
Chabahil, Kathmandu, Nepal.
Phone : 014576225
Email: hr@omhospitalnepal.com



म्यानमारको यांगुनस्थित बोटाटाउङ प्यागोडामा थाडिङयुत पर्वको पूर्णिमाको दिन दीप प्रज्ज्वलन गर्दै एक बालिका । *तस्बिर: सिन्हवा*

# ‘नीतिगत परिवर्तनका कारण नवीकरणीय ऊर्जाको वृद्धि सुस्त’




**पेरिस–** खतरनाक जलवायु परिवर्तनलाई नियन्त्रणमा राख्ने विश्व प्रयासको मुख्य आधार मानिने नवीकरणीय ऊर्जाको वृद्धि संयुक्त राज्य अमेरिका र चीनमा नीतिगत परिवर्तनका कारण सुस्त भएको अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइइए) ले मंगलबार जनाएको छ ।

विश्व समुदायले सन् २०३० सम्म नवीकरणीय ऊर्जा उत्पादन तीन गुणा बढाउने लक्ष्य राखेको दुई वर्षमै आइइएले उक्त लक्ष्य हासिल नहुने ठहर गरेको हो ।

गत वर्षसम्म पेरिसस्थित यस एजेन्सीले विश्वव्यापी रूपमा थप पाँच हजार ५०० गिगावाट नवीकरणीय ऊर्जा उत्पादन हुने पूर्वानुमान गर्दै लक्ष्य नजिक पुग्ने आकलन गरेको थियो । तर नयाँ मूल्यांकनअनुसार ‘सन् २०२४ अक्टोबरपछि नीति, नियामक र बजार संरचनामा भएका परिवर्तनहरू’ का कारण अब वृद्धि चार हजार ६०० गिगावाटमा सीमित हुने छ । यो सन् २०२२ को स्तरको २.६ गुणामात्र हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले नवीकरणीय ऊर्जा परियोजनाहरूमा कडा नियामक नियन्त्रण र कर छुटका प्रारम्भिक चरणमा परिवर्तन गरेपछि आइइएले अमेरिकाको नवीकरणीय ऊर्जा वृद्धिको पूर्वानुमान करिब ५० प्रतिशतले घटाएको छ ।

चीनको पक्षमा पनि स्थायी शुल्क प्रणालीबाट लिलामी प्रक्रियामा परिवर्तनले परियोजनाहरूको नाफा घटाएको र त्यसले वृद्धिमा असर पारेको बताइएको छ । तर आइइएका अनुसार चिनियाँ सरकार अझै पनि विश्व नवीकरणीय ऊर्जाको वृद्धि गर्ने प्रमुख शक्ति बनेको छ र देशले सन् २०३५ को हावा र सौर्य ऊर्जा लक्ष्य निर्धारित समयभन्दा पाँच वर्ष अगावै हासिल गर्ने सम्भावना देखाएको छ ।

### ऊर्जा सुरक्षामा सकारात्मक प्रभाव


अमेरिका र चीनमा वृद्धि सुस्त भए पनि अन्य क्षेत्रमा स्थिति अपेक्षाकृत आशाजनक रहेको आइइएले जनाएको छ । भारत ‘सन् २०३० को लक्ष्य पूरा गर्ने बाटोमा रहेको’ र नवीकरणीय ऊर्जाका लागि दोस्रो ठूलो बजार बन्ने अनुमान गरिएको छ । त्यसको क्षमता आगामी पाँच वर्षमा २.५ गुणा बढ्ने अपेक्षा गरिएको छ ।

त्यस्तै मध्यपूर्व र उत्तर अफ्रिकाका देशहरूमा पूर्वानुमान २५ प्रतिशतले र युरोपका जर्मनी, इटाली, पोल्याण्ड र स्पेनका लागि पनि वृद्धि पूर्वानुमान उच्च रूपमा संशोधित गरिएको छ । आइइएका अनुसार विगत पाँच वर्षमा सौर्य प्यानलहरूले विश्वव्यापी नवीकरणीय ऊर्जा वृद्धिको करिब ८० प्रतिशत हिस्सा ओगटेका छन् । हावा, जल, बायोमास र जियोथर्मल ऊर्जाले त्यसपछि स्थान लिएका छन् ।

अपतटीय पवन ऊर्जामा केही देशहरूको नीति परिवर्तनका कारण वृद्धि अपेक्षाभन्दा कम देखिएको छ । विशेषगरी संयुक्त राज्य अमेरिकामा केही निर्माणाधीन परियोजनाहरू रोक्ने प्रयास भइरहेको बताइएको छ । आइइएले नवीकरणीय ऊर्जाले देशहरूको वित्तीय र ऊर्जा सुरक्षामा महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्दै भनेको छ, ‘नवीकरणीय ऊर्जाको प्रयोगले धेरै देशमा इन्धन आयातको आवश्यकता घटाएको छ, जसले ऊर्जा विविधीकरण र सुरक्षालाई बलियो बनाएको छ ।’

सन् २०३० सम्म ऊर्जाको उत्पादन हालको तुलनामा दोब्बर भई कूल उत्पादनको करिब ३० प्रतिशत पुग्ने अनुमान गरिएको भन्दै एजेन्सीले देशहरूले नवीकरणीय ऊर्जाको अनियमित प्रकृतिलाई व्यवस्थापन गर्न बिजुली सञ्जालको लचिलोपन बढाउनुपर्ने थप सिफारिस गरेको छ । *रासस/एएफपी*

# क्वान्टम मेकानिकल टनेलिङमा योगदानका लागि तीन वैज्ञानिकलाई भौतिकशास्त्रको नोबेल पुरस्कार




**स्टकहोम–** जोन क्लार्क, मिशेल एच डेभरेट र जोन एम मार्टिनिसले क्वान्टम मेकानिकल टनेलिङमा अग्रगामी अनुसन्धानका लागि यस वर्षको भौतिकशास्त्रको नोबेल पुरस्कार प्राप्त गरेका छन् ।

क्लार्कले क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेमा आफ्नो अनुसन्धान गरेका हुन् भने मार्टिनिसले क्यालिफोर्निया विश्वविद्यालय, सान्ता बार्बरामा र डेभरेटले येल विश्वविद्यालय र सान्ता बार्बरामा काम गरेका थिए । ‘सामान्य शब्दमा भन्नुपर्दा यो मेरो जीवनको सबैभन्दा ठूलो आश्चर्य हो,’ क्लार्कले आफ्नो जितबारे पत्रकारहरूसँग फोनमा प्रतिक्रिया व्यक्त गरे ।

नोबेल समितिका अनुसार तीनै वैज्ञानिकको अनुसन्धानले ‘क्वान्टम क्रिप्टोग्राफी, क्वान्टम कम्प्युटर र क्वान्टम सेन्सरहरूजस्ता क्वान्टम प्रविधिको अर्को पुस्ता’ विकास गर्न महत्त्वपूर्ण आधार तयार गरेको छ । नोबेल कमिटी फर फिजिक्सका अध्यक्ष ओले एरिक्सनले भने, ‘शताब्दी पुरानो क्वान्टम मेकानिक्सले निरन्तर नयाँ चमत्कारहरू प्रदान गर्दै आएको छ । यो सबै डिजिटल प्रविधिको आधार भएकाले यसको योगदान असाधारणरूपमा उपयोगी छ ।’

यो भौतिकशास्त्र पुरस्कार प्रदान गरिएको ११९औं पटक हो । गत वर्ष कृत्रिम बुद्धिमत्ताका अग्रणी जोन हपफिल्ड र जेफ्री हिन्टनले मेसिन लर्निङका आधारभूत संरचनामा योगदानका लागि फिजिक्स पुरस्कार प्राप्त गरेका थिए ।

यसअघि सोमबार मेरी ई. ब्रन्को, फ्रेड रामस्डेल र डा. शिमोन सकागुचीले कसरी मानव शरीरको प्रतीरक्षा प्रणालीले रोगजनकहरूलाई आक्रमण गर्छ र आफैंलाई पहिचान गर्छ भन्ने खोजीका लागि चिकित्सा क्षेत्रमा नोबेल पुरस्कार प्राप्त गरेका थिए ।

नोबेल पुरस्कारको घोषणा बुधबार रसायनशास्त्र, बिहीबार साहित्य, शुक्रबार शान्ति पुरस्कारका लागि हुँदै जाने छ । अर्थशास्त्रमा नोबेल स्मृति पुरस्कार अक्टोबर १३ मा घोषणा गरिने छ ।

पुरस्कार वितरण समारोह डिसेम्बर १० मा स्वीडेनका उद्योगपति तथा पुरस्कारका संस्थापक, डाइनामाइटका आविष्कारक अल्फ्रेड नोबेलको (निधन सन् १८९६) को पुण्यतिथिमा आयोजना हुने छ । विजेताहरूलाई एक करोड १० लाख स्विडिस क्रोनर (करिब १२ लाख अमेरिकी डलर) सहित प्रतिष्ठित सम्मान प्रदान गरिने छ । *रासस/एपी*

# श्रीलंकाको मन्दीबाट रिकभरी ‘असमान’ र सुस्त : *विश्व बैंक*

**कोलम्बो-** विश्व बैंकले मंगलबार नगद संकटमा परेको श्रीलंकाको सबैभन्दा खराब आर्थिक मन्दीबाट पुन:प्राप्ति ‘असमान र अपूर्ण’ रहेको र धेरै घरपरिवारले सन् २०२२ को संकटको समयमा गुमाएको जीविकोपार्जन पुन: प्राप्त गर्न नसकेको बताएको छ ।

दक्षिण एसियाली यस टापु राष्ट्रको पछिल्लो समीक्षामा विश्व बैंकले सन् २०२५ मा ४.६ प्रतिशत र सन् २०२६ मा ३.५ प्रतिशतमा अर्थतन्त्र वृद्धि हुने अनुमान गरेको छ । यो गत वर्षको पाँच प्रतिशतबाट घटेको हो ।

श्रीलंकाको अर्थतन्त्रले सन् २०२२ मा सबैभन्दा खराब मन्दीको सामना गरेको थियो । उक्त वर्ष अर्थतन्त्र ७.३ प्रतिशतले संकुचित भएको थियो । सोही समयमा तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षलाई महिनौंको सडक विरोधपछि राजीनामा दिन बाध्य पारिएको थियो ।

‘यद्यपि हालको आर्थिक प्रगति उत्साहजनक छ, रिकभरी असमान र अपूर्ण छ,’ विश्व बैंकका श्रीलंका विश्लेषक डेभिड सिस्लेनले कोलम्बोमा पत्रकारहरूलाई भने । गरिबी दर घटेको भए पनि सन् २०१९ को तुलनामा अझै दोब्बर उच्च रहेको छ । ‘श्रमबजार सुधार गर्न ढिलो भएको छ,’ सिस्लेनले भने, ‘दुई करोड २० लाख मानिसमध्ये करिब १० प्रतिशत अझै गरिबीको रेखामुनि बस्छन् ।’

खाद्यान्न मूल्य उच्च रहिरहँदा विशेषगरी कमजोर समूहहरूमा कुपोषण गम्भीर समस्या बनेको छ । देशले सन् २०२२ अप्रिलमा ४६ अर्ब डलरको विदेशी ऋण चुकाएको थियो र सन् २०२३ को सुरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट दुई अर्ब ९० करोड डलरको चार वर्षे बेलआउट प्राप्त गरेको थियो । *रासस/एएफपी*

# इण्डोनेसियाको विद्यालयमा दुर्घटना, ६७ जनाको मृत्यु

**सिडोआरजो (इण्डोनेसिया)–** इण्डोनेसियामा गत हप्ताको विद्यालय दुर्घटनाका पीडितहरूको खोजी मंगलबार समाप्त भएको र मृतकको संख्या ६७ पुगेको एक अधिकारीले पुष्टि गरेका छन् ।

इण्डोनेसियाको जाभा टापुमा रहेको बहुतले इस्लामिक बोर्डिङ स्कूलको एक भाग २९ सेप्टेम्बरमा दिउँसो प्रार्थनाका लागि १७० भन्दा बढी विद्यार्थीहरू भेला हुँदा ढलेको थियो । ‘नवौं दिनमा प्रवेश गर्दै हामीले पीडितहरूका लागि खोजी र उद्धार अभियान सम्पन्न गरेका छौं,’ राष्ट्रिय खोजी र उद्धार एजेन्सी (बसरनास) का प्रमुख मोहम्मद सियाफीले पत्रकार सम्मेलनमा भने ।

एजेन्सीका अपरेसन निर्देशक युधि ब्रामान्टचोले भने, ‘उद्धार गरिएका पीडितहरूको कूल संख्या १७१ छ । यसमा ६७ जनाको मृत्यु भएको छ, आठ शरीरका अंगहरूसहित र १०४ जना बाँचेका छन् । उद्धारकर्ताहरूले दुर्घटनास्थलमा रहेका सबै भग्नावशेष सफा गरेका छन् र थप शव फेला पर्ने सम्भावना कम छ ।’

घटनापछि ७२ घण्टाको ‘सुनौलो अवधि’ पछि बेपत्ता भएका परिवारका सदस्यहरूले भारी उपकरण प्रयोग गर्न सहमति जनाएका थिए । सेप्टेम्बरमा पश्चिम जाभामा प्रार्थनाको समयमा अर्को भवन ढलेपछि कम्तीमा तीनको मृत्यु र दर्जनौं घाइते भएका थिए । *रासस/एएफपी*


**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग काठमाडौंको**
**सूचना**

**प्रकाशित मिति:** २०८२/०६/२२

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री B.M Overseas Pvt.Ltd. (ई.प.नं. ३८५/०५९/६०)** ले यस विभाग समक्ष कोशी प्रदेश झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ०४ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०६/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



**शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावर बिक्रीको सुचना**

**पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०६/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न २३०१ मिति: २०८१/११/०२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यलय बाँकेको च.न ६६९ मिति: २०८२/०६/०५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, असना, जामुन, कर्मा, कुम्भि, धौटी, कुसुम, दवदवे, तेन्दु जातका कुल जम्मा गोलिया थान १००४ को ६५१० क्यू.फिट काठ तथा साल जातको ५.२५ चट्टा दाउरा र अन्य जातको १५.५ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औ दिनको दिउसो १२:३० बजे भित्र गर्न र २२ दिन भित्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिकमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी-०८, बाके**



**साउदीमा रोजगार** कम्पनी : Dar Al-salmiya Contracting Company,A One Person Company

पूर्व स्वीकृति मिति : २०८२/०६/२१ | LT. No. 331858 | चलानी नं. ६०२४५५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ३७,८९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



**बहराईनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति : २०८१/०२/१७ | पुन विज्ञापन मिति : २०८२/०६/२१ | LT. No. 305527 | चलानी नं.६०२२०३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 300 | 0 | 100 | ३७,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (light) | 20 | 0 | 120 | ४५,०३७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**K & C International Pvt. Ltd**

Govt. Reg. No. 699/063/064

Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



**कुवेतमा रोजगार** कम्पनी : Prime Food Restarurants Management Co.

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन मिति : २०८२/०६/२१ | LT. No. 309083 | चलानी नं. ६०२२३७२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 9 | 0 | 100 | ४६,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Restaurant Service Crew | 7 | 0 | 120 | ५५,४३८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



LIC. 904/067/068

**DECENT EMPLOYMENT PVT. LTD.**

KMC-26, Samakhushi, Kathmandu, Nepal, Ph. No: +977-015903104,9851330036,9867109191
E-mail : infodecent068@gmail.com, Website : www.decentemployment.com.np



**साउदीमा रोजगार** कम्पनी : ALI A. TAMIMI.CO

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ | पुन विज्ञापन मिति : २०८२/०६/२१ | LT. No. 323166 | चलानी नं. ६०२३७१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 2 | 0 | 1000 | ३७,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FIRST INDUSTRIES COMAPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | पुन विज्ञापन मिति : २०८२/०६/२१ | LT. No. 330799 | चलानी नं. ६०२४४५६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Telecom Line Installer Worker | 10 | 0 | 1200 | ४५,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २९ गते (15th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**AL-HERA OVERSEAS PVT. LTD.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

श्रम ईजाजत नं. ५०१/०६१/०६२



**MAURITIUS मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ROGERS HOSPITALITY OPERATIONS LTD

पूर्व स्वीकृति मिति: २०८१/०१/०७ | पुन विज्ञापन मिति : २०८२/०६/१४ | LT. No. 303504 | चलानी नं.६०२१८४१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 15 | 0 | 16500 | ५१,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 13 | 0 | 16500 | ५१,५८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २३ गते (9th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**नोट:** वैदेशिक रोजगार विभागबाट मिति २०८२/०६/१४ मा स्वीकृत यो मागपत्रको विज्ञापन मिति २०८२/०६/१५ को राष्ट्रिय दैनिकमा प्रकाशित गर्नुपर्नेमा दसैं बिदाका कारण पत्रिका बन्द रहेकोले आज प्रकाशित गरिएको जानकारी गराइन्छ ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२ साल असोज महिना २२ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय बेनीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| भिम बहादुर कटुवालको नातिनी भक्त बहादुर कटुवालको छोरी म्याग्दी जिल्ला भगवती वडा नं. ४ हाल, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने **शुशिला कटुवाल** (ना.प्र.नं. : ६५५० जारी मिति र जिल्ला : २०५९/११/०८, म्याग्दी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| **१)** भक्त बहादुर कटुवालको छोरी भक्त बहादुर के.सी.को बुहारी अजित के.सी.को पत्नी म्याग्दी जिल्ला पात्लेखेत गा.बि.स वडा नं. ३ हाल, पर्वत जिल्ला जलजला गा.पा. वडा नं. २ बस्ने **पार्बती के.सी.** (ना.प्र.नं. : ४९१०१५/२७४० जारी मिति र जिल्ला : २०६४/०५/१७, म्याग्दी) |
| **२)** तोरनध्वज के.सी.को बुहारी भक्त बहादुर कटुवाल क्षेत्रीको पत्नी म्याग्दी जिल्ला रघुगंगा गा.पा. वडा नं. २ हाल, बेनी न.पा. वडा नं. ४ बस्ने **राजु कटुवाल** (ना.प्र.नं. : ४९-०१-७५-०४११२ जारी मिति र जिल्ला : २०७५/१२/२१, म्याग्दी) |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No.: 16600149999 (NTC),
Toll Free No: 18102149999 (Ncell), Web: www.muktinathbank.com.np, E-mail: info@muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३५४०० | प्रति तोला – ० | प्रति तोला – २९६० |

## विद्युत् प्रणालीलाई भरपर्दो बनाउन ऊर्जामन्त्री घिसिङको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले विद्युत् प्रणालीलाई अझ भरपर्दो, गुणस्तरीय, सुरक्षित र सेवाग्राहीमैत्री बनाउन निर्देशन दिएका छन् । विद्युत् आपूर्तिमा समस्या देखिन थालेको भनी देशका विभिन्न ठाउँबाट गुनासा आइरहेको भन्दै ऊर्जामन्त्री घिसिङले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रमसहित आमजनताको माग सम्बोधन गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिएका हुन् ।

हालै आएको बाढी, पहिरोले क्षति पुऱ्याएका संरचनाहरूको तत्काल मर्मतसम्भार गरी विद्युत् सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक समेत रहेका ऊर्जामन्त्री घिसिङले भने, 'विद्युत् गृहहरूको पूर्ण उपयोग गरी प्रसारण लाइन तथा सबस्टेसनलाई पूर्ण क्षमतामा सञ्चालन गर्न, विद्युत् आपूर्तिका लागि महत्वपूर्ण मानिएका मर्स्याङ्दी करिडोरअन्तर्गतको २२० केभी, हेटौंडा-ढल्केबर ४०० केभी प्रसारण निर्माणमा विशेष ध्यान दिन तथा आगामी हिउँदयामको विद्युत् व्यवस्थापन गर्नेगरी योजनबद्ध रूपमा नीति तथा कार्यक्रम ल्याउन अब ढिलाइ गर्न भएन ।'

यसै सन्दर्भमा काठमाडौंको स्युचाटारस्थित विद्युत केन्द्रको अनुगमन गर्दै उनले मन्त्री देशभरका विद्युत् उत्पादन, प्रसारण र वितरण प्रणालीको अवस्था, ग्रिड सञ्चालन, विद्युत् माग तथा आपूर्ति व्यवस्थापन, विद्युत् निर्यात, बाढी पहिरोबाट क्षति भएका विद्युत् आयोजनालगायतका विषयमा जानकारी लिएका थिए ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले विद्युत् उत्पादन, माग, आपूर्ति, निर्यात, प्रणाली सञ्चालनको अवस्था तथा समस्यालगायत विषयमा जानकारी गराउँदै चुस्तदुरुस्त विद्युत् व्यवस्थापनमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यकारी निर्देशक सिलवालले बाढी, पहिरोले क्षति पुऱ्याएका संरचना मर्मत गरी विद्युत् सेवा चालु गराउने गरी प्राविधिक जनशक्तिसहितको टोली तयारी अवस्थामा राखेको तथा मितव्ययी भई स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै आमजनता एवं सेवाग्राहीको समस्या समाधन गर्ने पक्षमा प्राधिकरण परिवार प्रतिबद्ध रहेको स्पष्ट गरे ।

## 'आन्दोलनमा भएको क्षतिको बिमा दाबी भुक्तानी दिनू'

■ प्रभाव संवाददाता



**काठमाडौं–** हालैको आन्दोलनका क्रममा भएको भौतिक तथा अन्य क्षतिको बिमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउने विषयमा नेपाल बिमा प्राधिकरणले निर्जीवन बिमा कम्पनी, लघु निर्जीवन बिमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँग आज छलफल गरेको छ ।

नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले आन्दोलनको क्षतिको दाबी भुक्तानी गर्नुपर्ने दायित्व बिमा कम्पनीहरूको भएको स्पष्ट पार्दै दाबी भुक्तानी मार्गदर्शन बमोजिम छिटोभन्दा छिटो भुक्तानी दिन बीमकहरूलाई निर्देशन दिए । उनले दाबी भुक्तानीमा कानुनी तथा व्यावहारिक समस्या आएमा प्राधिकरणले सहजीकरण गर्ने बताए ।

कार्यकारी निर्देशक सुवेदीले बीमकहरूलाई तत्काल प्रारम्भिक सर्भे रिपोर्टका आधारमा दाबी भुक्तानी गर्दै जान आग्रह गरे । उनले भने, 'बीमितले पैसा पाएको अनुभूति गर्नुपऱ्यो, दाबी भुक्तानी दिएको बारेमा आमरूपमा जानकारी दिनुपऱ्यो, बीमकले बीमितलाई र पुनर्बीमकले बीमकलाई समयमै एड्भान्स रकम दिनुपऱ्यो ।'

उनले दाबी र भुक्तानी सम्बन्धी तथ्यांक सही हुनुपर्ने र गलत तथ्यांक दिने बीमकमाथि प्राधिकरण कडाइका साथ प्रस्तुत हुने चेतावनी पनि दिए । साथै, उनले तरलतालाई उच्च प्राथमिकतामा राखेर बजारमा अविलम्ब तरलता प्रवाह गर्न पुनर्बीमा कम्पनीहरूलाई निर्देशन दिए ।

छलफलमा निर्जीवन बिमा कम्पनी र लघु निर्जीवन बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आन्दोलनबाट भएको क्षतिको दाबी भुक्तानी दिन सक्ने र यसमा कुनै समस्या नरहेको बताए ।

उनीहरूले साना दाबीहरूको भुक्तानी गर्दै आएको जानकारी दिँदै ठुला दाबीको हकमा नगद प्रवाह आवश्यक हुने भएकाले पुनर्बीमा कम्पनीहरूले सक्रिय सहयोग गर्नुपर्ने र तरलता व्यवस्थापनमा समेत भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । कम्पनीहरूले क्षतिको प्रतिवेदन तयार गर्न फिल्डमा सर्भेयर खटाइसकेको र प्रतिवेदन आउने क्रम जारी रहेको पनि जानकारी दिए । नेपाल पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले पनि पुनर्बीमाबापतको दाबी रकम भुक्तानी गर्न कम्पनी सक्षम रहेको र आवश्यक प्रक्रिया पूरा गरी बीमकहरूलाई यथाशीघ्र रकम उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

छलफलमा नेपाल बिमा प्राधिकरणका निर्देशकहरू पूजन ढुङ्गेल अधिकारी, ध्रुव तिमिल्सिना, शाम्भराज लामिछाने तथा निर्मल अधिकारीको सहभागिता रहेको थियो ।

## फापर थन्क्याउन व्यस्त मुस्ताङका किसान

**मुस्ताङ–** यहाँका किसान दसैं पर्वसँगै सकिएसँगै परम्परागत रैथाने बाली थन्क्याउन व्यस्त छन् । यहाँको तल्लो क्षेत्र घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकाअन्तर्गत किसान खाद्य बाली 'फापर' स्याहार्न व्यस्त भएका हुन् । रैथाने बाली फापर यहाँको लोकप्रिय खाद्य बालीको रूपमा लिइन्छ ।

घरायसी प्रयोजन, धार्मिक अनुष्ठान, व्यवसायिक प्रयोजन तथा विदेशमा बस्ने आफ्ना आफन्तजनलाई कोसेलीको रूपमा पठाउने उद्देश्यले यहाँका किसानले फापर खेती गर्दै आइरहेका छन् ।

खेतबारीमा फापर छरेको औसत एक सय दिनमा फापर खेती भित्र्याउन योग्य हुने घरपझोङ-५ ठिनीका किसान प्रमिला गुरुङ थकालीले बताइन् । फापर काटेर डाठसँगै लगातार तीन दिनसम्म खेतबारीमा सुकाएपछि लौरीको सहायताले फापर चुटेर केस्रा निकाल्ने प्रचलन रहेको उनले जानकारी दिइन् । फापरको डाँठ परालका रूपमा पशुचौपायालाई खुवाउन र घाँस नपाइने बेला पशुलाई खुवाउन सुकुटी पारेर राखिने गरिएको किसान थकालीको भनाइ छ ।

जिल्लामा मिठे फापर र तिते फापरखेती हुने गरे पनि मुख्य रूपमा मिठे फापरबाली बढी मात्रामा लगाउने गरिएको जनाइएको छ । पछिल्लो समय कतिपय किसानले नयाँ प्रविधिको प्रयोग गरेर फापरको केस्रा संकलन गर्न थालेका उनको भनाइ छ ।

जिल्लाको तल्लो क्षेत्रदेखि माथिल्लो क्षेत्रमा स्थानीयले परम्परागत रूपमा रैथाने फापर खेती अपनाउँदै आइरहेका छन् । यहाँ उत्पादन हुने उवा, जौ, मकै, आलु, बोडी, सिमीलगायत फापरखेती यहाँको मुख्य 'ब्राण्ड' बनेको छ ।

समुन्द्री सतहको एक हजार नौ सय ८४ मिटरदेखि तीन हजार नौ सय सय मिटरको अग्लो उचाइको खेतीयोग्य जमिनमा फापरखेती गरिन्छ । हिमाली तथा उच्च पहाडी क्षेत्रमा फापर खेती गरिने भएपनि मुस्ताङको चिसो हावापानीमा उत्पादन हुने रैथाने बाली फापरको परिकार स्वादिलो र पोसिलो हुन्छ ।



फापर बालीअन्तर्गत मिठे फापरको खेती तलो जिल्लामा असार र साउन महिनाको पहिलो हप्ता खेतबारी छरेर असोजको पहिलो र दोस्रो हप्तामा घरमा भित्र्याइन्छ । तीते फापर साउन र भदौ महिनामा छरेर कात्तिकको पहिलो हप्तादेखि घरमा भित्र्याउने गरिन्छ । सामान्यतया रैथाने बाली उवा र जौ पाक्न नौ महिना लाग्ने भए पनि फापर बाली तीन महिनामा पाक्ने किसानले प्रमिलाले जनाइन् । उपल्लो मुस्ताङमा मिठे फापर वैशाखको पहिलो र दोस्रो हप्तामा छरेर कात्तिकको पहिलो हप्तादेखि फापर भित्र्याइन्छ । यहाँ तिते फापर वैशाखको पहिलो र दोस्रो हप्तामा खेतबारीमा छरेर कात्तिक महिनाको अन्त्यतिर बाली भित्र्याइने प्रचलन रहेको छ ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण फापर बालीमा समेत विभिन्न प्रकोपहरू देखा पर्न थालेको घरपझोङ–५ ठिनीका किसान पाल्साङ गुरुङले बताए । यसवर्ष यहाँको फापर बालीमा खुम्ले कीराको प्रकोप देखापरेको उनको भनाई छ । गतवर्ष यहाँको फापर बालीमा तुषारोले असर पुऱ्याएको उनले बताए । यहाँको रैथाने बाली स्याउ बगैंचाभित्र अन्तरबालीको रूपमा लगाएर दोहोरो आम्दानी लिने गरिएको किसान गुरुङले उल्लेख गरे । फापर बालीमा ढिडो, रोटीलगायत विभिन्न परिकार निर्माण गर्न सकिने भएकाले यहाँको फापर खेती सहर बजारको उपभोक्ताले अत्यधिक रुचाउने गरेको किसान उनको भनाइ छ ।

जलवायु संकटका कारण परम्परागत रैथाने बाली अन्य बालीभन्दा कम झन्झटिलो भएकाले यसको व्यवस्थापनमा निकै सहज भएको उनले जानकारी दिए । सहर बजारका भान्साघरमा यहाँको फापरको ढिडो मुख्य भेराइटी भएकाले यसको माग बढी हुने गरेको उनले बताए ।

फापर बोटको औसत एक सय सेमीदेखि एक सय १० सेमीसम्म लम्बाइ हुने गर्छ । फापर बालीअन्तर्गत मिठे फापरको झुप्पामा हलुका गुलाबी रंगको फूलहरू फुल्दछ भने फापरको केस्रा हलुका र कालो रङ्गको हुन्छ । तिते फापरको सेतो रंगको फूलहरू फल्दछ । फापरको केस्रालाई स्थानीय पानी घट्ट र मिलमा पिसेर पिठो तयार गरिन्छ । यहाँ एकमाथि फापरको मिठोको मूल्य एक हजार २०० सय रूपैयामा किनबेच भएको किसानहरू बताउँछन । विषेशगरी फापरको मीठो बढी मात्रामा ढिँडो र रोटी खानका लागि उपयोग गर्ने गरिन्छ ।

यहाँका किसानले फापरखेतीलाई व्यावसायिक रूपमा अपनाएको पाइँदैन । हिमाली क्षेत्रको महत्वपूर्ण पहिचान बोकेको कृषि उपज रैथाने फापर बालीलाई यहाँका किसानले व्यक्तिगत घरायसी प्रयोजनको रूपमा मात्रै अपनाएको पाइन्छ ।

घरपझोङ गाउँपालिकाका कृषि शाखा अधिकृत रोशन थकालीले रैथाने खाद्य बाली प्रवर्द्धनका लागि स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी दिए । उनले फापर बाली मुस्ताङकै पहिचान भएकाले यसको संरक्षणमा स्थानीय सरकारको दायित्व रहने भएकाले सम्बन्धित किसानलाई बर्सेनि रैथाने बाली विविधीकरण तालिम, अनुदान र प्रोत्साहन लगायतका कार्यक्रम आयोजना गर्ने गरेको बताए ।

पोषणविद्का अनुसार फापरको परिकारबाट २४ भन्दा बढी प्रकारका पौष्टिक तत्व प्राप्त हुन्छ । फापरको परिकारबाट रगतको कोल्ड स्टोर घटाउने र पित्तको पत्थरी हुनबाट बचाउने भनाइ छ । यसले मानिसको मोटोपना घटाउने र उक्त रक्तचापका बिरामीलाई फापर मिठोको परिकार सेवन उपयोगी हुन्छ । विशेष गरी फापरमा मिनरल वाटर र भिटामिनको स्रोत प्रशस्त हुन्छ । यसमा कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, चिल्लो पदार्थ र पानीको मात्रा प्राप्त हुने जनाइएको छ । *रासस*

## जुम्लामा १० करोडभन्दा बढीको भेडा बिक्री

**जुम्ला (प्रस)–** जुम्लामा यसवर्षको दसैंमा रु १० करोडभन्दा बढीको भेडा, खसीबोकाको कारोबार भएको छ । सदरमुकाम खलङ्गा बजारलगायत यहाँका स्थानीय तहमा भएको खसी, बोका तथा भेडा खरिद बिक्रीबाट यसवर्ष रु १० करोड रकम बराबरको कारोबार भएको चन्दननाथ नगरपालिकाअन्तर्गत पशुपक्षी विकास शाखाका प्रमुख वीरबहादुर रावतले जानकारी दिए ।

उनले भने, 'कारोबार भएको उक्त रकममध्ये भेडातर्फ रु नौ करोड ३४ लाख ८८ हजार तथा रु ३७ लाख ४० हजारको खसी, बोका खरिद बिक्री भएको हो । चन्दननाथ नगरपालिकामा भने रु २६ लाख ७७ हजारको राँगा, भैँसीसमेत कारोबार भएको छ ।' यस वर्षको दसैंमा जुम्लामा पाँच हजार ८४३ वटा भेडा बिक्री भएको तथ्यांक छ ।

यसैगरी, २५६ खसी र ६३ राँगा, भैँसी खरिद बिक्री भएको छ । दसैंमा स्थानीय भेडाको अधिकतम मूल्य रु २३ हजार, न्यूनतम मूल्य रु नौ हजार र औसत मूल्य रु १६ हजार तोकिएको प्रमुख रावतले जानकारी दिए ।

हुलाक सेवालाई प्रवर्द्धन गरौं
सूचना तथा सन्देश पुऱ्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।
- सुरक्षित र भरपर्दो रूपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुऱ्याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वारा हुलाक कार्यालयमार्फत् हुलाक सेवा लिन सकिन्छ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ